# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १४५ | काठमाडौं | सोमबार, ३० भदौ २०८२ | Prabhab National Daily | Monday, 15 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


जेन-जी आन्दोलनको 'साइड इफेक्ट'

## दल विभाजनदेखि दल त्यागसम्म





■ जेबी योञ्जन

काठमाडौं– मुलुकको राजनीतिक इतिहासमा सबैभन्दा छोटो समय २७ घण्टामै सत्ता राजनीति पूरै बदलेको जेन-जी आन्दोलनको प्रभाव केही दलमा देखिएको छ । आन्दोलनलाई हेर्ने दृष्टिकोणमा देखिएको मतभेदले पार्टी विभाजनसम्म भएको छ । कोही दलमा नेताहरू राजीनामा दिँदै अलग भएका छन् ।

दल विभाजन नै गरेर अलग भएको नागरिक उन्मुक्ति पार्टी (नाउपा)का संरक्षक रेशमलाल चौधरी हुन् । उनले आइतबार नै नागरिक उन्मुक्ति पार्टी, नेपाल घोषणा गरेका छन् । आफूसमेतले जेन-जी आन्दोलनलाई समर्थन गरेको भए पनि अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले आन्दोलनलाई ध्वंसात्मक भन्दै त्यही उपक्रममा भएको प्रतिनिधिसभा विघटनप्रति असहमति जनाएकोमा रेशम असन्तुष्ट देखिएका हुन् । सोही कारण दल छाडेको उनले फेसबुक लाइभमा जानकारी दिएका छन् ।

उनले भने, 'जेन-जी आन्दोलनप्रति हाम्रो समर्थन थियो तर हिजो (शनिबार) जुन विज्ञप्ति आयो पार्टी अध्यक्षबाट, त्यसले आन्दोलनलाई अपराधसँग जोड्यो

- नागरिक उन्मुक्ति पार्टी छाडेर रेशम चौधरीले घोषणा गरे नयाँ दल
- पूर्वशिक्षामन्त्री सुमना श्रेष्ठले नेतृत्वमाथि प्रश्न उठाउँदै त्यागिन् रास्वपा
- जेन-जी आन्दोलनमा १९ युवा मारिएपछि एमालेमा राजीनामा र पार्टी परित्यागको लहर

र असंवैधानिक भन्यो । यसपछि पार्टीमा रहनुको औचित्य छैन भन्ने ठानेँ ।'

नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीसँगै नाउपा अध्यक्ष श्रेष्ठले संयुक्त विज्ञप्ति जारी गर्दै प्रतिनिधिसभा विघटनको निर्णय फिर्ता लिनसमेत विज्ञप्तिमार्फत माग गरेकी थिइन् । यसमा संस्थापक तथा संरक्षक चौधरीले असहमति प्रकट गरेका हुन् । पार्टी अध्यक्ष को हुने ? टुंगो लागिसकेको छैन । तर, उनले सामाजिक सञ्जाल फेसबुकमै नेताहरूको सम्भावित जिम्मेवारीबारे लेखेका छन् । उनले लेखेका छन्, 'नागरिक उन्मुक्ति पार्टीको महाधिवेशनबाट निर्वाचित जो आयोगमा अद्यावधिक हुनुभएको थिएन, उहाँहरूलाई सोही पदमा राखिने जानकारी गराउँदछु । सम्पर्कमा रहन र आवश्यक कागजात तयारी अवस्थामा राख्नहुन अनुरोध गर्दछु ।'

रेशम भने टीकापुर घटनासँग जोडिएको मुद्दामा प्रतिवादी हुनाले अध्यक्ष हुन कानुनतः अक्षम छन् । त्यही कारण उनले कसलाई अध्यक्ष बनाउँछन् ? चासोपूर्वक हेरिएको छ । रेशमले आफ्ना बुबा लालवीरलाई अध्यक्ष बनाउन सक्ने सम्भावना छ । यसअघि उनले आफूनिकट केन्द्रीय सदस्यहरूको बैठक बोलाएर बुबालाई अध्यक्ष बनाएका थिए । तर, निर्वाचन आयोगले स्वीकारेन । रञ्जिता नै अध्यक्ष रहेको ठहर गऱ्यो । यसपछि रेशमपक्ष निर्वाचन आयोगसँग पनि रुष्ट भयो ।

यहीबीच २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनलाई समर्थन गर्ने र नगर्नेबारे विमति हुँदा अन्ततः रेशमले पार्टी छाडेका हुन् । अध्यक्ष रञ्जिता श्रेष्ठले भने रेशमले पार्टी छाडेको विषयमा जानकारी नभएको बताएकी छन् ।

क्रमशः पृष्ठ २ मा

# चुनाव सम्पन्न गर्ने प्रधानमन्त्री कार्कीको अठोट

छ महिनामा आफ्नो कामकारबाही गरेर मुक्त हुने र नयाँ आउने मन्त्रीहरूलाई जिम्मेवारी र दायित्व सुम्पिने अठोट गरेका छौं । यो अठोटमा यहाँहरु (कर्मचारीहरु)को साथ नपाइकन सम्भव छैन ।

■ सुशीला कार्की
प्रधानमन्त्री

यो निर्वाचन प्रतिनिधिसभाको मात्र हो । दुई महिना भए मज्जाले चुनावको तयारी गर्न सकिन्छ । यसका लागि दलहरु भने तयार हुनुपर्छ र सरकारले स्रोत साधनको सुनिश्चितता पनि गर्नुपर्छ ।

■ शारदाप्रसाद त्रिताल
पूर्वसचिव



■ प्रभाव संवाददाता

काठमाडौं– जेन-जी आन्दोलनको बलमा प्रधानमन्त्री बनेकी सुशीला कार्कीको काँधमा आउँदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गर्नुपर्ने मुख्य जिम्मेवारी छ । शुक्रबार प्रधानमन्त्री नियुक्त हुनासाथ प्रधानमन्त्री कार्कीको काँधमा यो जिम्मेवारी आएको हो ।

शनिबारमात्र राष्ट्रपति रामचन्द्र पौडेलले निर्वाचन सफल गराउन सबै पक्षलाई अपिल गरे । 'बडो जुक्तिपूर्ण ढंगले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैं संयमित रहँदै चुनाव सम्पन्न गराउन सहयोग गर्न सबैलाई हार्दिक अपिल गर्दछु,' राष्ट्रपति पौडेलले शनिबार जारी गरेको वक्तव्यमा भनिएको छ ।

चुनाव घोषणा भएसँगै कार्की नेतृत्वको अन्तरिम सरकार चुनावी सरकारको रूपमा परिणत भएको छ । आइतबार प्रधानमन्त्रीको पदभार ग्रहणपछि कार्कीले छ महिनामा चुनाव गरेर छाड्ने बताएकी छन् । 'छ महिनामा आफ्नो कामकारबाही गरेर मुक्त हुने र नयाँ आउने मन्त्रीहरूलाई जिम्मेवारी र दायित्व सुम्पिने अठोट गरेका छौं । यो अठोटमा यहाँहरूको साथ नपाइकन सम्भव छैन । सुरक्षा निकायले पनि साथ नदिइकन सम्भव छैन,' कार्कीले पदभार ग्रहणका क्रममा सचिवहरू र सुरक्षा निकायका प्रमुखहरूसँग भनेकी छन् ।

यसका लागि प्रधानमन्त्री कार्की छरितोखाले मन्त्रिपरिषद् गठनको तयारीमा छिन् । दलहरूको परामर्शमा पूर्वप्रशासक र कानुनविद्हरूलाई मन्त्री बनाउने तयारी उनको रहेको छ । यसका लागि प्राविधिक विषयका जानकार र कानुन विषयका अनुभवी व्यक्ति चयन गर्ने प्रधानमन्त्री कार्कीको सचिवालयले जानकारी दिएको छ ।

सरकारले प्रतिनिधिसभा विघटन गरेर नयाँ जनादेशका लागि निर्वाचनको मिति घोषणा गरिसक्दा निर्वाचन आयोग भने प्रमुखविहीन छ । प्रमुख निर्वाचन आयुक्तको पद गत वैशाख पहिलो साताबाट रिक्त छ । गत वैशाख ५ गते प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया निर्वाचन आयोगबाट बिदा भएपछि रामप्रसाद भण्डारीले कार्यवाहक प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी सम्हालिरहेका छन् ।

संविधानमा प्रमुख आयुक्तको पद रिक्त हुनु एक महिनाअघि नै नयाँ प्रमुखको सिफारिस हुनुपर्ने प्रावधान छ । तर, प्रधानमन्त्री अध्यक्ष रहने संवैधानिक परिषद्को बैठक लामो समयदेखि बस्न नसक्दा आयोग प्रमुखविहीन बनेको हो । संवैधानिक परिषद्को सिफारिस संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि राष्ट्रपतिले प्रमुख निर्वाचन आयुक्त नियुक्त गर्ने संवैधानिक व्यवस्था छ ।

क्रमशः पृष्ठ २ मा

## तीन मन्त्री नियुक्त, शपथ आज


ओमप्रकाश अर्याल


कुलमान घिसिङ


रामेश्वर खनाल

प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो मन्त्रिपरिषद्मा तीन मन्त्री नियुक्त गरेका छन् । कार्कीले आइतबार साँझ अधिवक्ता ओमप्रकाश अर्याललाई गृह र कानुनमन्त्री, पूर्वअर्थसचिव रामेश्वर खनाललाई अर्थमन्त्री र नेपाल विद्युत् प्राधिकरणका निवर्तमान प्रमुख कार्यकारी कुलमान घिसिङलाई भौतिक पूवार्धार, सहरी विकास र ऊर्जामन्त्रीमा नियुक्त गरेकी हुन् ।

तीनै जनाको नाम राष्ट्रपतिको कार्यालयमा आइपुगेको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले बताए । 'तीन जना मन्त्री नियुक्त भएको पत्र राष्ट्रपतिको कार्यालयमा आइपुगेको छ,' पोखरेलले भने । पूर्वसचिव खनाल केपी शर्मा ओली नेतृत्वको सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको अध्यक्ष रहेका व्यक्ति हुन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# आगोबाट जोगिएका फाइल उठाएर सेवा दिंदै विभाग

■ ममता थापा

- श्रम स्वीकृति दिने भवनबाट थालियो नियमित काम
- 'ए' ब्लक आगजनीले पूर्णरूपमा ध्वस्त
- म्यानपावर व्यवसायीले राखेको धरौटीको खातासमेत नष्ट
- हिरासतबाट भागेका थुनुवाहरूलाई सम्पर्कमा आउन आग्रह

काठमाडौं– आइतबार ताहाचालस्थित वैदेशिक रोजगार विभागमा पुग्दा कर्मचारीहरूलाई भ्याइनभ्याइ थियो । तर, यसरी कर्मचारी व्यस्त भएको विगतको जस्तो सेवाग्राहीको चापले होइन, आफू काम गर्ने स्थान तयार गर्ने चटारोमा थिए उनीहरू ।

जेन-जी आन्दोलनका क्रममा आगजनीले ध्वस्त बनाएपछि विभागका कर्मचारीहरू सरसफाइ र कार्यकक्ष तयारीमा व्यस्त बनेका हुन् । विभागको आगजनी भएको 'ए ब्लक'मा भएका बचेखुचेका सामानहरूलाई क्षति नभएको 'बी ब्लक'मा लैजाँदै थिए । कोही नजलेको शाखाबाट दराज, टेबल बोक्दै थिए त कोही फाइलहरू मिलाउँदै थिए । कोही बचेका सामान सुरक्षित ठाउँतर्फ राख्दै थिए । कुर्सी, कम्प्युटर, प्रिन्टरजस्ता अत्यावश्यक सामग्री जलेकाले थोरै संख्यामा नयाँ सामग्रीहरू पनि ल्याइँदै गरेको देखिथ्यो ।

त्यसो त आइतबारबाट कार्यालयमै उपस्थित भएर काम गर्ने भनिएकाले व्यवस्थापनको काम शनिबारबाटै थालिएको थियो । आइतबार पनि सबैजना बिहान ७:०० बजेबाटै यो काममा जुटेका थिए । तर प्रणाली मिलाउने, पुरानो कार्यकक्ष साटफेर गर्नुपर्ने, फाइलहरू छानविन गर्ने, नयाँ सामान थप्नेलगायत धेरै काम भएकाले नभ्याएको कर्मचारीहरू बताउँदै थिए । आइतबार तत्काल श्रम स्वीकृति लिनुपर्नेजस्ता अत्यावश्यक कामहरू भने भए । आज (सोमबार)बाट पूर्णरूपमा काम थाल्ने विभागले जानकारी दिएको छ ।

आगलागी भएको भवनमा रहेका लेखा, निर्देशक तथा महानिर्देशकको कार्यकक्ष, सहायता कक्ष, अनुगमनजस्ता शाखाहरू पूर्णरूपमा जलेका छन् । संस्था शाखा, सर्भर र प्रहरी शाखा भने पछाडिपट्टी भएकाले आगोले भेटेको छैन । राहत तथा उद्धार शाखामा तोडफोड र आगजनी भए पनि पूर्ण क्षति भएको छैन । यद्यपि, उक्त भवनमा बसेर काम गर्न सक्ने अवस्था नभएको विभागका विभागका सूचना अधिकारी टीकाराम ढकालले बताए ।

उनका अनुसार अब सबै कर्मचारी श्रम स्वीकृति प्रदान गर्ने माथिल्लो भवनमा अटाएर काम गर्ने छन् ।



तस्बिरः मनिष राई/प्रभाव

मुलुकभर परेको विपत्तिलाई मध्यनजर गर्दै कर्मचारीहरू पनि जसरी हुन्छ काम नियमित गर्न तयार रहेको ढकालले बताए । विभागका कतिपय काम भने सुरुबाटै गर्नुपर्ने अवस्था रहेको उनी बताउँछन् । 'कतिपय काम सुरुबाटै गर्नुपर्ने देखिन्छ । जस्तो, कर्मचारीहरूका ल्यापटप, कम्प्युटर जलेपछि व्यक्तिगत फाइलहरू नष्ट भएका छन् । त्यस्तै, कालीमाटी प्रहरी चौकीबाट सबै थुनुवा भागेका छन् । उनीहरू नभएपछि नयाँबाट काम थाल्नुपर्ने भएको छ,' ढकालले भने, 'दर्ता चलानीको काम पनि नयाँबाटै सुरु गर्नुपर्ने हुन्छ ।

क्रमशः पृष्ठ २ मा

## यसरी जलाइयो विभाग

मंगलबार अर्थात् भदौ २४ गते विभागमा कर्मचारीहरू थिएनन्, छ जना सुरक्षा गार्डहरू भने थिए । दिनभरि विभिन्न सरकारी कार्यालय जलाइएका खबर उनीहरू पनि हेर्दै थिए । करिब ४:१५ बजेतिर चार-पाँच जना आएर विभागको अघिल्लो भागमा आगजनी गरेर गए । त्यसको केही बेरमा अर्को समूह आएर थप आगजनी तथा तोडफोड गऱ्यो ।

'सुरुमा चार-पाँच जना आएर त्यो झ्याल भएपट्टि आगो लगाए । एकछिनमा फेरि आए । पछि आएका धेरै थिए । जलाउनपर्छ जलाउनपर्छ-जलाउनपर्छ भन्दै आएका थिए । नाराबाजीचाहिँ भएको थिएन,' एक सुरक्षा गार्डले भने, 'सानो-सानो फायर एक्सटिन्गुइसरहरू थियो । त्यसले छुँदै छोएन । पछि राति पानी हालेर अलिअलि निभाइयो । भोलिपल्टसम्म बलिरहेको थियो । बिहीबारसम्मै आगो थियो छेउपट्टी त । दराजभित्रैबाट सल्किरहेको रहेछ ।'

### त्रासमा व्यवसायी

मुलुकमा बेलाबेला हुने तोडफोडका गतिविधिले रोजगारदातामा नराम्रो छाप छोड्ने व्यवसायीले बताएका छन् । पछिल्लो घटनाले व्यवसायीलाई त्रासमा पारेको वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसीले बताए । 'यो आन्दोलनपछि विदेशस्थित कम्पनीहरूले पनि नेपालबाट कामदार लग्दा नेपालीहरू यतिसम्म मूर्खता पनि अपनाउन सक्छन्, जनधनको क्षति पनि हुनसक्छ भनेर डराउनसक्ने अवस्था रह्यो ।

अर्कोतर्फ जो विदेश जान भनेर काठमाडौंसम्म आइसकेको अवस्था छ, त्यसबाट उहाँहरूलाई आर्थिक भार परेको छ,' जैसीले भने । भनेको समयमा कामदार पठाउन नसक्दा कम्पनीलाई धेरै ठूलो नोक्सानी हुने भएकाले नेपालीहरू लैजानका लागि विदेशस्थित कम्पनीहरूले पनि सोच्नुपर्ने अवस्था रहेको अध्यक्ष जैसीले बताए ।

# प्रधानमन्त्री कार्कीले सम्हालिन् पदभार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले आइतबार पदबहाली गरेकी छन् । शुक्रबार अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त भएकी उनले गृह मन्त्रालयका लागि निर्माण गरिएको नयाँ भवनमा पदबहाली गरेकी हुन् ।

उक्त अवसरमा सरकारका मुख्यसचिव एकनारायण अर्याल, सचिवहरू, सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीलगायत उपस्थित थिए । पदबहालीपछि प्रधानमन्त्री कार्कीले मुख्यसचिवसहित सचिवहरूसँग मन्त्रालयको कार्यविवरणका सम्बन्धमा जानकारी लिइन् । यही भदौ २३ र २४ गते जेनजीले गरेको आन्दोलनपछि राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधान्यायाधीश कार्कीलाई भदौ २७ गते अन्तरिम सरकारको प्रधानमन्त्रीमा नियुक्त गरेका हुन् ।

## सहिद घोषणा, १० लाख क्षतिपूर्तिको निर्णय

सरकारले यही भदौ २३ र २४ गते भएको 'जेनजी' पुस्ताको प्रदर्शनका क्रममा मृत्यु भएकाहरूलाई सहिद घोषणा गरेको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आइतबार पदभार ग्रहण गर्दै नवनियुक्त प्रधानमन्त्री कार्कीले सो घोषणा गरेकी हुन् । उनले भनिन्, 'मुख्य सचिवसँगको छलफलपछि सो प्रदर्शनका क्रममा ज्यान गुमाएका परिवारलाई १० लाख रूपैयाँ क्षतिपूर्ति दिने निर्णयमा मैले हस्ताक्षर गरेकी छु ।'

यसैगरी, प्रदर्शनका क्रममा घाइते हुनेहरूलाई उपचार खर्चसहित केही राहत उपलब्ध गराउने, मृतकका परिवार काठमाडौंमा बस्दा लागेको खर्च व्यहोर्ने, मृतकको शवलाई स्थानीय तह (गाउँ)सम्म लैजान आवश्यक व्यवस्था गर्ने निर्णय भएको प्रधानमन्त्री कार्कीले जानकारी दिइन् ।

मुख्यसचिव अर्यालले भने, 'समाजका सबै बौद्धिक वर्ग, सञ्चारकर्मी, सुरक्षा निकायलगायत आमनेपाली जनता, नेपालमा बस्नेमात्रै होइन, विदेशमा बस्ने सम्पूर्ण नेपाली समुदायले पनि नेपालको विकास र निर्माणको सुरुआत गर्नुपर्ने अवस्था सिर्जना भएको छ, हामी सबैले आ-आफ्नो ठाउँबाट सोहीबमोजिम योगदान गर्नुपर्ने छ ।'

## सचिवहरूलाई निर्देशन

प्रधानमन्त्री कार्कीले सिर्जनात्मक युवापुस्ताको सोचबमोजिम भ्रष्टाचार अन्त्य, सुशासन र आर्थिक समानता दिन अठोटका साथ काम गर्न सचिवहरूलाई निर्देशन दिएकी छन् । सिंहदबारमा आइतबार पदबहालीपछि उच्च पदस्थ कर्मचारीलाई निर्देशन दिँदै उनले आफू पदको रसास्वादन गर्न नभई युवाको चाहनाबमोजिम सेवा गर्न आएकाले छ महिनाभित्र निर्वाचनबाट नयाँ संसद्लाई जिम्मेवारी दिने उद्देश्यका साथ आएको स्पष्ट गरिन् ।



'कुन परिस्थितिबाट अन्तरिम सरकार बन्यो यहाँलाई विदितै छ । ठूलो जनधनको क्षति भएको छ । मुख्य निकायका प्रमाण र अभिलेख नष्ट हुँदा शून्यमा पुगेका छौं । सुरक्षा निकायलाई दिइएका सवारीसाधन जलेका छन् । हत्याहिंसा भएको छ । अत्याश्यक निकायलाई छानीछानी आक्रमण गरिएको छ । यसको अनुसन्धान हुन बाँकी छ,' उनले भनिन्, 'नेपाली नै भएर यो काम गरेको हो भने लाज लाग्नुपर्ने हो । यस्तो घटना नेपालमा पहिलोपटक भएको हो । हाम्रा मुख्य भवनहरू अनुहार देखाउन नमिल्ने भएका छन् । यो षड्यन्त्र नियोजित हो कि भन्ने लागेको छ । अनुसन्धान गरेर दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।'

प्रधानमन्त्री कार्कीले क्षतिपूर्ति र पुनर्निर्माणका काम देशमा उपलब्ध स्रोत साधन प्रयोग गरेर बनाउनुपर्छ भन्ने आफूलाई लागेको बताउँदै यो मुलुकविरुद्ध गरेको नृशंस कार्यको एकताबद्ध भएर, जनतालाई गुहारेर सामना गर्नुपर्नेमा जोड दिइन् ।

## महान्यायाधिवक्तामा भण्डारी नियुक्त

यसैबीच, सरकारको कानुनी सल्लाहकार तथा महान्यायाधिवक्तामा वरिष्ठ अधिवक्ता सविता भण्डारी नियुक्त भएकी छन् । नेपालको इतिहासमा उनी महान्यायाधिवक्ता हुने पहिलो महिला हुन् ।

प्रधानमन्त्री कार्कीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले आइतबार उनलाई महान्यायाधिवक्ता नियुक्त गरेका हुन् । राष्ट्रपति कार्यालयका प्रवक्ता प्रदीपकुमार कोइरालाले आइतबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'नेपालको संविधानको धारा, १५७ को उपधारा (२) बमोजिम मिति २०८२ भदौ २९ गते सविता भण्डारीलाई महान्यायाधिवक्तामा नियुक्ति गरिएको छ ।' यसअघि आइतबार नै महान्यायाधिवक्ता रमेश बडालले राजीनामा दिएका थिए ।

पृष्ठ १ बाट क्रमशः

## चुनाव सम्पन्न...

आउँदो निर्वाचन प्रतिनिधिसभाको मात्र हुने भएकोले सजिलैसँग गर्न सकिने पूर्वसचिव शारदाप्रसाद त्रिताल बताउँछन् । तर यसका लागि दलहरू भने तयार हुनुपर्ने त्रितालको मत छ । 'यो निर्वाचन प्रतिनिधिसभाको मात्र हो ।

दुई महिना भए मज्जाले चुनावको तयारी गर्न सकिन्छ । यसका लागि दलहरू भने तयार हुनुपर्छ,' त्रितालले भने । निर्वाचनका लागि सरकारले स्रोत साधन सुनिश्चित गरिदिनुपर्ने उनी बताउँछन् ।

यसअघि २०६९ मा खिलराज रेग्मीको अन्तरिम सरकारले पनि निर्वाचन गराएको थियो । त्यतिबेला अहिलेकोजस्तै अवस्था सिर्जना भएको थियो । गणतन्त्र नेपालका प्रथम राष्ट्रपति रामवरण यादवले अहिलेका राष्ट्रपति पौडेललेझैं भूमिका खेलेका थिए । चुनावी सरकारको नेतृत्व पाएको रेग्मी नेतृत्वको सरकारले २०७० मंसिर ४ मा संविधानसभाको निर्वाचन सम्पन्न गरेर आफ्नो अभिभारा पूरा गरेको थियो ।

त्यसैगरी यसपटक पनि निर्वाचन सफल हुने पूर्वमन्त्री विद्याधर मल्लिकको भनाइ छ । अहिलेको सरकारको मुख्य काम नै निर्वाचन भएकाले अरु विषयमा नअल्झे निर्वाचन सफल हुने उनले बताए । 'अहिलेको सरकारले चुनाव गराउने हो । अरु विषयमा अनुसन्धान तथा छानबिन अर्को सरकारले गर्ने भएकोले सजिलै गर्न सकिन्छ,' मल्लिकले भने । मल्लिक रेग्मी नेतृत्वको सरकारमा मन्त्री थिए ।

चुनावको मिति घोषणा भएसँगै निर्वाचन आयोगले पनि यसको तयारी थालेको छ । आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारी स्रोतसाधन सुनिश्चित गरिदिन सरकार तयार रहे आफूहरू चुनाव गराउन तयार रहेको बताउँछन् । चुनाव गराउन यथेष्ट समय भएकाले आयोग तयारी अवस्थामा रहेको भण्डारी बताउँछन् । यसका लागि मतदाता नामावली आद्यवधिक गर्ने र चुनावी कार्यक्रम तय गर्नेमात्र भएको उनले बताए । 'मतदाता नामावली अपडेट गराउने हो । त्यसपछि सरकारले स्रोत साधन जुटाउनेबित्तिकै आयोगलाई अप्ठेरो छैन,' भण्डारीले भने ।

सरकारी संयन्त्र भएपछि निर्वाचनका लागि प्रमुख नै चाहिन्छ भन्ने नरहेको जानकारहरू बताउँछन् । चुनावका लागि बजेट आवश्यक पर्ने र यसका लागि अहिले खर्च नहुने क्षेत्रहरूको रकम जोहो गरेर लगानी गर्न सकिने उनीहरू बताउँछन् ।

■■■

## तीन मन्त्री...

उनले केही समय अघिमात्र आर्थिक सुधारसम्बन्धी प्रतिवेदन सरकारलाई बुझाएका थिए । यसैगरी अर्याल कानुन व्यवसायी हुन् । पछिल्लो समय काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहका कानुनी सल्लाहकार रहेका उनी विभिन्न रिट तथा वकालतका कारण चर्चामा आएका थिए ।

घिसिङ नेपाल विद्युत् प्राधिकरणका निवर्तमान कार्यकारी निर्देशक हुन् । उनी ओली नेतृत्वको सरकार हुँदा बर्खास्तीमा परेका थिए । लोडसेडिङमुक्त गरेका कारण चर्चामा रहेका उनलाई ओली नेतृत्वको सरकारले पटक-पटक स्पष्टीकरणसमेत सोधेको थियो ।

■■■

## दल विभाजनदेखि...

उनले प्रभावसँग भनिन्, 'खै, अब उहाँले मलाई पार्टी छाडेकोबारे जानकारी दिनुभएन । उहाँलाई नै थाहा होला ।'

जेन-जी आन्दोलनप्रतिको दृष्टिकोण पार्टीबाट अलग हुने तात्कालिक कारक जनाए पनि रेशम र श्रीमती रञ्जिताबीच पारिवारिक र राजनीतिक दुवै सम्बन्ध राम्रो थिएन । जेलबाट बाहिर निस्किएपछि त रेशमले पार्टी कब्जा गर्न खोजेका थिए । तर, निर्वाचन आयोगले उनको कदममा पटक-पटक 'ब्रेक' लगाइदियो ।

उनीहरूबीच आरोपप्रत्यारोप केही वर्षयता चल्दै आएको छ । जबकि, रेशमलाई जेलमुक्त गर्न रञ्जिताले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालसँग पटक-पटक याचना गरेकी थिइन् । प्रतिनिधिसभा बैठकमा उनले रेशमलाई थुनेर अन्याय गरेको भन्दै सरकारसँग आक्रोश पोखेकी थिइन् । यसपछि दाहालले रेशमलाई रिहा गर्न राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सिफारिस गरेका थिए । सोही सिफारिसका आधारमा जेलमुक्त रेशम महत्त्वाकांक्षी बनेर पार्टी कब्जा गर्न उद्धत हुँदा अध्यक्ष रहेकी श्रीमती रञ्जितासँग मनमुटाव भयो ।

यतिबेला भने जेन-जी आन्दोलन र त्यसबाट विकसित राजनीतिक घटनाक्रमप्रतिको फरक दृष्टिकोणलाई दल विभाजनको आधारको रूपमा रेशमले टिप्पणी गरेका छन् । जेन-जी आन्दोलनको 'साइड इफेक्ट' रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई अझ बढी परेको छ । पूर्वशिक्षामन्त्रीसमेत रहेकी सुमना श्रेष्ठले आइतबार रास्वपा परित्याग गर्नुले पनि त्यसलाई थप पुष्टि गरेको छ । उनी सभापति रवि लामिछानेका विवादास्पद कर्म, अर्कातिर वैचारिकीमा देखिएको फरकपनप्रति असन्तुष्ट थिइन् । त्यसको प्रत्यक्ष प्रभाव जेन-जी आन्दोलनमा पनि देखिएको थियो । सभापति लामिछानेले आन्दोलनको फाइदा उठाउने प्रयास गरे । नख्खु कारागारबाट दलबलसहित आन्दोलनको रापताप छँदा उनी विजयी भावमा बाहिरिएका थिए । यसमा सुमनाले प्रश्न गरेकी थिइन् । रवि बाहिरिनु गलत भएको सुमनाले भन्दै आएकी थिइन् । उसो त जेन-जी समूहको ठूलै तप्काले रवि जेलबाट बाहिरिएपछि विरोध गरेको थियो ।

तर, सभापति लामिछाने र उनीनिकट नेताहरूको तारोमा सुमना परेकी थिइन् । यसपछि सुमनाले पार्टी परित्याग गरेकी हुन् । उनले पार्टी त्यागेपछि भनिन्, 'कहिल्यै गल्ती नस्वीकार्ने, गल्तीमाथि गल्ती गरिरहने र त्यसको बोझ पार्टीका सबैले बोकिदिनुपर्ने । पार्टीभित्र आलोचना गर्नेहरूका विरुद्धमा मिडिया ट्रायल गर्ने । जहिलेदेखि राष्ट्रिय स्वतन्त्र पार्टीले देशभन्दा माथि पार्टी र पार्टीभन्दा माथि नेतालाई राख्न थालेको हो, त्यतिबेलादेखि नै आलोचना गर्दै आएको हुँ ।'

पार्टीका केन्द्रीय सदस्य गणेश कार्कीले पनि पार्टी छाड्ने भएका छन् । रास्वपाको एउटा पंक्ति जेन-जी आन्दोलनपछि सभापति रविसँग असन्तुष्ट छ ।

यस्तै, सत्ताबाट लज्जाजनक ढंगले बहिर्गमनमा परेका केपी शर्मा ओली नेतृत्वको नेकपा एमालेमा जेन-जी आन्दोलनको क्रममा युवा नेताहरूले राजीनामा दिने अभियान नै चल्यो । पार्टीनिकट अनेर स्वियुका अध्यक्ष डा. सुजन कडरियाले २३ भदौमै राजीनामाको घोषणा गरे, त्यस दिन सरकारी दमनमा देशभर १९ जना जेन-जी युवा विद्यार्थीको ज्यान गएको थियो । तर, उनी शनिबार अनेरास्वियुको कार्यालय जाँदा उनको नेम प्लेट अर्को समूहले फालिदिए । पार्टीलाई अप्ठेरो पर्दा छाडेको भन्दै उनलाई जिम्मेवारीमुक्त गर्नुपर्ने माग अनेरास्वियुमा छ ।

यस्तै, ओलीकै गृहजिल्ला झापाको बाह्रदशी गाउँपालिकाका अध्यक्ष देवेन्द्रप्रसाद चौंलागाईंले पार्टी परित्याग गरे । कमल गाउँपालिकाकी उपाध्यक्ष प्रमिला न्यौपाने तिवारीले नेकपा एमालेको कुनै पनि पद र पालिकाको उपाध्यक्ष पदबाटसमेत राजीनामा दिइन् । कनकाई-३ का वडाध्यक्ष युवराज चम्लागाँईले एमाले पार्टी र वडाध्यक्ष पदबाट राजीनामा दिए । एमाले झापा जिल्ला कमिटी सदस्य किशोर भट्टराईले राजीनामा दिए ।

एमाले जिल्ला कमिटी ललितपुर सदस्य ध्रुवप्रसाद खनालले पद त्यागे । उता रूपन्देहीमा एमालेको राष्ट्रिय युवा संघ लुम्बिनी प्रदेशका अध्यक्ष सुरज खरेलले पार्टी त्यागेको घोषणा गरे ।

■■■

## आगोबाट...

मुद्दा, राहत, उद्धार र श्रम स्वीकृतिका फाइलहरू भने सुरक्षित भएको हुँदा जहाँबाट काम छोडेका छौं त्यहीँबाट काम अघि बढाउनसक्ने अवस्था छ ।' अत्यन्तै महत्त्वपूर्ण रहेको म्यानपावर व्यवसायीले राखेको धरौटीको हिसाबकिताब राख्ने खाता पनि पूरै जलेको सूचना अधिकारी ढकालले बताए । साथै, लेखाका अडिट हुन बाँकी रहेका कागजातहरू, बिल भर्पाइ, भौचरलगायत पनि जलेर नष्ट भएको जनाइएको छ । अब के-कसरी काम अघि बढाउने भनेर श्रम मन्त्रालयलाई पनि पत्र लेख्ने उनले बताए ।

विभागले वैदेशिक रोजगारसम्बन्धी कसुर गरेर जेलबाट भागेका थुनुवाहरू आफैं सम्पर्कमा नआए विभागसँग पक्राउ पुर्जी भएकाले पुनः पक्राउ गरी अनुसन्धान अघि बढाउने बताएको छ । आगलागीबाट विभागमा कति क्षति पुग्यो भन्ने विषयमा वडा कार्यालय र प्रहरीलाई पत्र पठाएर मुचुल्का उठाउन आग्रह गरिसकेको जानकारी दिइएको छ ।


**युएईमा रोजगार** — कम्पनी : WA VES ELECTROMECHANICAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ | LT. No. 331050 | चलानी नं. ६०२४४७९९

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 19 | 0 | 1000 | ३८,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ६ गते (22nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

J.P. Overseas Pvt. Ltd.
Pingalasthan-9 Gausala, Ktm Nepal,Tel: +977-449085
E-mail:jpoverseasnp@gmail.com, Web:www.jpoverseasnepal.com
श्रम ईजाजत नं. १२५७/०७४/०७५

**साउदीमा रोजगार** — कम्पनी : AL MANEEF FUEL COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ | LT. No. 330947 | चलानी नं. ६०२४४७७८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR PETROL STATION | 5 | 0 | 1000 | ३७,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ६ गते (22nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**कुवेतमा रोजगार** — कम्पनी : TASTE WHEAT RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 331029 | चलानी नं. ६०२४४७३७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF ASSISTANT. | 20 | 0 | 130 | ६०,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : LUNA BELLA LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 331027 | चलानी नं. ६०२४४७३४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dress/hair Stylist | 0 | 4 | 150 | ६९,३४५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure/pedicure | 0 | 4 | 150 | ६९,३४५ | | | | | | | |
| 3 | Nail Technicial(Manicurist/pedicurist) | 0 | 3 | 150 | ६९,३४५ | | | | | | | |

कम्पनी : LIGHT FIELDS FOODSTUFF COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/१७ | LT. No. 331028 | चलानी नं. ६०२४४७३६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assist Cook | 10 | 0 | 140 | ६४,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Chef (Asst. Cook) | 4 | 0 | 140 | ६४,७२५ | | | | | | | |
| 3 | Barista | 2 | 0 | 140 | ६४,७२५ | | | | | | | |
| 4 | Butcher | 3 | 0 | 140 | ६४,७२५ | | | | | | | |
| 5 | Chef De Party (Cdp) (Cook) | 7 | 0 | 250 | ११५,५७५ | | | | | | | |
| 6 | Commis Baker | 5 | 0 | 160 | ७३,९७० | | | | | | | |
| 7 | Data Entry Operator | 2 | 0 | 150 | ६९,३४५ | | | | | | | |
| 8 | Demi Chef De Party (Dcdp) (Cook) | 7 | 0 | 230 | १०६,३३० | | | | | | | |
| 9 | Driver (Light Driver) | 5 | 0 | 150 | ६९,३४५ | | | | | | | |
| 10 | Helper | 5 | 0 | 110 | ५०,८५५ | | | | | | | |
| 11 | Store Keepar | 2 | 0 | 170 | ७८,५९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असोज ६ गते (22nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

**Devghat Rural Municipality**
**Office of Rural Municipal Executive**
**Devghat, Tanahun**

**Invitation for Online (Electronic) Bids**

**First Date of Publication:- 15th Sep 2025 (2082/05/30)**

Devghat Rural Municipality ,Office of Rural Municipal Executive ,Devghat ,Tanahun invites only online/ e-bids goods under e/procurement system from eligible Nepalese bidders for the following package of Goods mentioned below under E-Bid procedures and bid document can be downloaded from PPMO's website: **www.bolpatra.gov.np/egp** and bidder may obtain all other information at office. Website: **www.bolpatra.gov.np/egp** . All eligible bidders are requested to submit Bids online as per instruction within mentioned period. ***The scanned copy of bid document fee, bid security, company/firm registration, renewal, tax clearance certificate (upto f/y- 2080/81) or time extension for the Latest and other mentioned in bid should be uploaded at the time of bid submission***. The Purchaser reserves the right to accept or reject all the bids, wholly or partly any or without assigning any reason. Any information otherwise stated in this notice will be as per Public Procurement Act-2063 & Public procurement Regulations 2064 ( with Amendment ).

| Contract .ID. | Description of Works | Category | Estimated Amount | Last Date of Bid submission | Date of Bid Opening | Bid Security Amount (NRs.) | Validity Period of Bid security | Bid Document Fee Details (NRs.) |
|---|---|---|---|---|---|---|---|---|
| NCB/DRM/ GOODS/01/ 2082/83 | Procurement & Supply of Medicines | GOODS | NRs.2788948.04 (Without VAT) | 15-10-2025 at 12:00 | 15-10-2025 at 13:00 | NRs. 80,000.0/- (Eighty Thousand rupees Only) | 120 days | 3000/- |

***Bank Details :***

- **Bid Document Fee must be deposit in Siddhartha Bank ,** Devghat Rural Municipality **Ga.1.1 Internal revenue account, 00815412921**
- **Bid security amount must be deposit in Siddhartha Bank,** Devghat Rural Municipality **Ga.3 Sthania Taha Dharauti, 00815169863** ***in case of cash deposit OR may submit Bank Guarantee with sufficient validity period .***

**Chief Administrative Officer**

# जेन–जी आन्दोलनमा असहाव अस्ताएपछि बस्ती नै मर्माहत

■ हिमाल लम्साल

**वीरगञ्ज (पर्सा)–** दुई महिनाअघि मात्रै वीरगञ्ज महानगर-१२ का असहाव आलम ठकुराई वैवाहिक बन्धनमा बाँधिएका थिए । आफ्नो वैवाहिक जीवन राम्रोसँग अघि बढाउन नपाउँदै असहावले गत मंगलबार काठमाडौंमा भएको जेन-जी समूहको प्रदर्शनीमा प्रहरीको गोली लागेर ज्यान गुमाए ।

२२ वर्षे असहाव भारतको विहार राज्यको पूर्वी चम्पारणको आदारपुर नजिकै बेल्दर्वाका रोक्सिता खातुनसँग दुई महिनाअघि मात्रै प्रणयसूत्रमा गाँसिएका थिए । तर, कलिलो उमेरमै आन्दोलनमा परेर ज्यान गुमाएपछि अहिले वीरगञ्ज महानगर मुर्लीका बासिन्दा शोकमा डुबेका छन् ।

विगत तीन वर्षदेखि अध्ययन तथा रोजगारीका सिलसिलामा असहाव काठमाडौंमा रहँदै आइरहेका थिए । तर, मंलबार पठाओमा यात्रुलाई गोंगबु लैजाने क्रममा प्रहरीको गोली लागेर जेन-जी आन्दोलनमा सहादत प्राप्त गरेको उनको परिवारले जनाएको छ । उनको मृत्युसँगै अहिले उनको आमा नजला खातुन र उनकी श्रीमती रोक्सिता खातुन बेलाबखतमा मुर्छित हुँदै अचेत अवस्थामा रहेका छन् । आफ्नो छोराको मृत्युले विछिप्त भएकी आमा नजलाले आफ्नो छोरा श्रवणकुमार जस्तै आमाबुबालाई असाध्यै माया गर्ने सन्तान रहेको बताइन् ।

'मेरो छोरा श्रवणकुमारजस्तै थियो । भर्खरै बिहे गरेर बुहारी भित्र्याएको छ । अब मेरी बुहारी कसको मुख हेरेर बाँच्ली ?,' आमा नजलाले रुँदै भनिन्, 'दुई महिनाअघिमात्रै विवाह गरेर ल्याएकी बुहारीको सिउँदो उजाडिएको छ ।' आमा नजमाले आफ्नो छोरालाई प्रहरीले किन मारेको भनेर बारम्बार प्रश्न सोध्दै आइरहेकी छन् । 'अहिले बुहारी छोराको यादमा बिलौना गरेर बसिरहेकी छन् । मेरी बुहारीले के अपराध गरेकी थिइन् र उनलाई बिछोड गराइयो ?,' उनले स्तब्ध हुँदै भनिन् ।

मृतक ठकुराई पाँच सन्तानमध्येका तेस्रो छोरा हुन् । असहाव वीरगञ्जको ग्लोबल विजनेस कलेजबाट कक्षा १२ व्यवस्थापन संकायमा उत्तीर्ण गरेर थप अध्ययन र रोजगारीका लागि काठमाडौं गएका थिए । असहावका छिमेकी मनोज गुप्ताले असहाव गत मंगलबार बिहान १०:०० बजेपछि सम्पर्कविहीन भएपछि खोजी गर्दा उनको शव काठमाडौंको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा भेटिएको जानकारी दिए ।



'असहावको छाती र पेटमा गरेर दुई वटा गोली लागेको देखिन्छ,' उनले भने, 'शुक्रबार परीक्षणलगायतका प्रक्रिया पूरा गरेर असहावका काकाले उनको शव ल्याउँदै हुनुहुन्छ ।' छिमेकी गुप्ताले असहाव निकै मिजासिलो र आँखामा राख्दा पनि नबिजाउने प्रकृतिको व्यक्तित्व रहेको बताए ।

असहावका काका असराल आलम ठकुराईले असहावको मृत्युले निकै मर्माहत भएको बताए । 'उनको मृत्युले हामी निकै मर्माहत भएका छौं,' उनले भने, 'जेन-जी आन्दालेनमा असहावजस्तै ज्यानको आहूति दिने योद्धाको बलिदानले मुलुकमा नयाँ क्रान्तिको सुरुआत होस् ।'

वीरगञ्ज महानगर-१३ का पूर्ववडाध्यक्ष तुफान अन्सारीले आफूले एक असल छिमेकी भाइ गुमाउनुपर्दा निकै मर्माहत भएको बताए । 'असहाव भाइ निकै असल व्यक्ति हुनुहुन्थ्यो । उनको निधनले अपुरणीय क्षति भएको छ,' उनले भने, 'अहिले उनको परिवारमात्रै नभएर सिंगो मुर्लीवासी स्तब्ध र शोकमा डुबेका छौं ।' शुक्रबार साँझ जेन-जी आन्दोलनमा ज्यान गुमाएका असहावको सम्झना गर्दै वीरगञ्जका मुर्लीवासीले वीरगञ्जको प्रतिमाचोकमा मैनबत्ती बालेर स्मरण गरेका छन् । *रासस*


## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०५/१९ मा दर्ता भएको **प्रा. लि. नं. १९७८९०/०७५/०७६** को श्री **बेस्ट क्वालिटि टेक्निकल सर्भिसेज प्रा. लि.** को मिति २०८२/०५/२९ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०६/११ मा दर्ता भएको **प्रा. लि. नं. १९९६९०/०७५/०७६** को श्री **बेस्ट क्वालिटि ल्याङ्ग्वेज ट्रेनिङ्ग सेन्टर प्रा. लि.** को मिति २०८२/०५/२९ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०१/०७ मा दर्ता भएको **प्रा. लि. नं. १२१७१७/०७१/०७२** को श्री **हिमाली हिल एग्रिकल्चर फार्म प्रा. लि.** को मिति २०८२/०५/२९ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०७/११ मा दर्ता भएको **प्रा. लि. नं. २०१४६२/०७५/०७६** को श्री **बेस्ट क्वालिटि गार्डस सर्भिसेस प्रा. लि.** को मिति २०८२/०५/२९ को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०५/३०**

यस कम्पनीको मिति २०८२/०५/२० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ज्वेलरी फर जेनेरेशन प्रा. लि.**को नाममा रहेको सम्पूर्ण चल अचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०५/२३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कनेक्ट लिड सोलुसन्स प्रा.लि. (प्रा.लि.नं. २१५७१६)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## टिम पार्टनर्स फण्ड लिमिटेडको

## दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८२/०५/३० गते**

यस टिम पार्टनर्स फण्ड लिमिटेडको मिति २०८२ भदौ महिना ०८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको **दोस्रो वार्षिक साधारण सभा** देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय तथा स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२/०६/०७ (तदनुसार २३ सेप्टेम्बर, २०२५), मंगलबार ।
**समय :** बिहान ११:०० बजे
**स्थान :** टिम पार्टनर्स फण्ड लिमिटेडको रजिष्टर्ड कार्यालय, टिम कर्पोरेट सेन्टर, शक्तिविनायक मार्ग, गैरीगाउँ, काठमाडौं ।

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव :**
१. आर्थिक वर्ष २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण, नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्ताव:**
१. कम्पनीको अधिकृत तथा जारी पूँजी वृद्धि गर्ने, सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।

**(ग) विविध ।**

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

**दोस्रो वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीहरू :**

शेयरधनी महानुभावलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको इमेल ठेगानामा कम्पनीको दोस्रो वार्षिक साधारण सभा बस्ने जानकारी पत्रका साथै वार्षिक प्रतिवेदन पुस्तिकाको विद्युतीय प्रति पठाउने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, शक्तिविनायक मार्ग, गैरिगाँउ काठमाडौंबाट प्राप्त गर्न सक्नु हुनेछ ।

*अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, शक्तिविनायक मार्ग, गैरीगाउँ, काठमाडौंमा सम्पर्क राख्नुहुन अनुरोध छ ।*

## तुम्बेवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**मौवा, पाँचथर**
**कोशी प्रदेश, नेपाल**

## आन्तरिक आय तर्फको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०५/३०**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(घ) को ६ मा व्यवस्था भए बमोजिम यस गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को जेठ मसान्तसम्मका लागी देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी सिलबन्दी दरभाउपत्रको बन्दोबस्त गर्नुपर्ने भएकोले यस गाउँपालिकाबाट तोकीएको दर रेटमा गाउँपालिकाबाट तोकिएको शर्तहरुको अधिनमा रही नेपाल सरकारबाट सम्बन्धित कार्यको इजाजत प्राप्त गरी नविकरण भएको, मू. अ. करमा दर्ता भएको र आ. ब. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र लिइ अध्यावधिक भएका इच्छुक फर्म/कम्पनी तथा संस्थाबाट प्रथम पटक सूचना प्रकासित भएको मितिले उल्लेखित समय भित्र रित पूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस गाउँपालिकाको सूचना पाटिमा टाँस गरिएको सूचना र website : www.tumwewamun.gov.np मा हेर्न वा ९८५२६२०१७४ मा सम्पर्क गर्न सकिने छ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | आइटम | आ.ब. ०८२/०८३मा स्विकृत परिमाण (घ.फी.) | उत्खनन् तथा संकलन दर (मु.अ.क. बाहेक) | जम्मा न्युनतम अंक रु. | धरौटी रकम रु. | शिलबन्दी दर भाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १. | TRM/SQ/Rev-01-082-083 | Extraction and Collection of River Bed Materials - Sawa Sera Tamor Dhovan-1 | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) | १८०,८१०.०० | ६.०० | १,०८४,८६०.०० | कबोल अंकको कम्तिमा ५ प्रतिशत | १०००/- |
| २. | TRM/SQ/Rev-02-082-084 | Extraction and Collection of River Bed Materials - Sawa Sera Tamor Dhovan-2 | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) | १४५,१५७.८० | ६.०० | ८७०,९४६.७८ | | १०००/- |
| ३. | TRM/SQ/Rev-03-082-085 | Extraction and Collection of River Bed Materials - Sawa Sera Tamor Dhovan-3 | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) | १४५,६७८.१८ | ६.०० | ८७४,०६९.०६ | | १०००/- |
| ४. | TRM/SQ/Rev-04-082-085 | Extraction and Collection of River Bed Materials - Lakhuwa RiverTa-mor Dhovan | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) | ९९,३४१.४२ | ६.०० | ५९६,०४८.५४ | | १०००/- |
| ५. | TRM/SQ/Rev-05-082-086 | Extraction and Collection of River Bed Materials - Tamor Nadi Kusume Bagar | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) | १७६,२८८.८७ | ६.०० | १,०५७,७३३.२१ | | १०००/- |
| ६. | TRM/SQ/Rev-06-082-086 | Extraction and Collection of River Bed Materials - Naya Khola Dihitar Tamor Dobhan Bagar | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) | १९०,०३५.७२ | ६.०० | १,१४०,२१४.३२ | | १०००/- |
| ७. | TRM/SQ/Rev-07-082-087 | Extraction and Collection of River Bed Materials - Sawa Khola Yabuni Bagar | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) | २२२,५४६.२४ | ६.०० | १,३३५,२७७.४४ | | १०००/- |
| ८. | TRM/SQ/Rev-08-082-088 | Extraction and Collection of River Bed Materials - Naya Khola Pekuwa Dovan Ba | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) | ५८,२३८.४६ | ६.०० | ३४९,४३०.७६ | | १०००/- |
| ९. | TRM/SQ/Rev-09-082-089 | Extraction and Collection of River Bed Materials - Naya Khola Kamphu Dovan Bagar | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) | ४८,६७५.८२ | ६.०० | २९२,०५४.९० | | १०००/- |
| १०. | TRM/SQ/Rev-10-082-089 | Extraction and Collection of River Bed Materials - Dhuwa Khola Bagar | नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) | ६२,६०४.३६ | ६.०० | ३७५,६२६.१६ | | १०००/- |

१. उपरोक्त ठेक्काको लागी सुचना प्रकाशित भएको १५ औं दिन सम्म यस कार्यालयबाट प्राप्त गरी सम्पूर्ण प्रकृया पुरा गरी १५ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । १५ औं दिन सम्म प्राप्त सिलबन्दी दरभाउपत्रहरु सोही दिन २: ०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिने छ । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछीको कार्यालय लागेको समयलाइ अन्तिम दिन मानिनेछ । सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि कार्यालय प्रतिनिधीको रोहबरमा दरभाउपत्र खोल्न बाधा हुने छैन ।
२. सिलबन्दी दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनी व्यवसायीले ब्यबसायिक प्रमाणपत्र कम्तिमा 'घ' बर्ग, स्थायी लेखा नम्बर (पान), मु.अ.क. प्रमाणपत्रको प्रतिलिपी, सिलबन्दी दरभाउपत्र बापतको दस्तुर तिरेको प्रमाण, पाँच प्रतिशत (५%) धरौटी दाखिला भएको प्रमाण, फर्मको प्रोप्राइटर वा आधिकारिक प्रतिनिधीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कालो सूचीमा नपरेको स्वयं घोषणा अनिबार्य रुपमा संलग्न राखी पेश गर्नु पर्नेछ ।
३. ठेक्का अबधी २०८२ सालको जेठ मसान्त सम्म रहनेछ। ठेक्का अबधीमा बन्द हड्ताल आदीका कारण केही दिन काम सुचारु नभएको अबस्थामा कुनै किसिमको क्षतिपूर्ती दाबी गर्न पाइने छैन । IEE प्रतिबेदनले निषेध गरेको अबधीमा नदी क्षेत्रबाट सामाग्री उत्खनन गर्न पाइने छैन ।
४. माथी उल्लेखित सबै ठेक्काहरु कबोल अंकको थप मूल्य अभिबृद्दी कर ( १३ प्रतिशत ) र अग्रिम आय कर ( १.५ प्रतिशत ) राजस्व ठेक्का लिने फर्मले आन्तरिक राजस्व कार्यालयमा बुझाइ सोको प्रमाण कार्यालयमा पेश गर्नुपर्नेछ ।
५. धरौटी बापतको बोल गरेको ५ प्रतिसत रकम प्राइम बैंकमा यस गाउँपालिकाको: ग ३.१ धरौटी खाता, खाता नं.०७४०१००००००००९४००१५४ मा नगद दाखिला गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ । सो धरौटी बापतको रकम यसै सूचना बमोजिम हुनेछ। धरौटी बापत जम्मा भएको रकमलाइ किस्तामा समाबेस गर्न पाइने छैन र उक्त धरौटी नियमानुसार कागजात पेश गरिसकेपछी प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
६. सिलबन्दी दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रमक प्राइम बैंकमा यस गाउँपालिकाको: ग १.१ आन्तरिक राजश्व खाता, खाता नं. ०७४०१००००००००२४१००१७७ मा वा यस कार्यालयको राजस्व खातामा दाखिला गरेको भौचर संलग्न गर्नु पर्नेछ ।
७. कारण जनाइ वा नजनाइ सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
८. सिलबन्दी दरभाउपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
९. ठेक्कामा कुनै बिबाद भएमा यस गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।
१०. सिलबन्दी दरभाउपत्रमा कबोल रकम अंक र अक्षर दुबैमा खुलाउन पर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाइ मान्यता दिइने छ ।
११. नदिजन्य पदार्थ निकासी गर्ने बाटो मर्मत ठेकेदार आफैले गर्नुपर्नेछ र खर्च दाबी गर्न पाइने छैन । पुलको दायाँ बायाँ ५०० मि. सम्म र खोलाको दायाँ बायाँ रहेको कुलो नहर तटबन्धको ५० मि. सम्म उत्खनन गर्न पाइने छैन ।
१२. सूचनामा उल्लेखित GPS Point हरु निर्धारण भएकोमा सो भित्रको उपखण्ड कायम हुँदा वा कानुन बमोजिम निषेधित क्षेत्र भित्र GPS Points फरक हुने बिषयको जानकारी र सो सम्बन्धी कागजातहरु कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
१३. सिलबन्दी दरभाउपत्र साथ रहने जानकारी तथा सूचनाहरु शर्त सरह मान्य हुनेछन ।
१४. अन्य कुराहरु नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित ऐन कानुन र गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।
१५. अन्य थप जानकारीको लागी कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नवगठित सरकारको जिम्मेवारी

पूर्वप्रधानन्यायाधीश सुशीला कार्की जेन–जी विद्रोहको बलमा प्रधानमन्त्री बनेकी छन् । प्रधानमन्त्री बनेसँगै उनको काँधमा चुनाव गराउनुपर्ने जिम्मेवारी आएको छ । प्रतिनिधिसभा विघटन भएकोले चुनाव गराउनैपर्ने उनको दायित्व हो । तर उनको सत्तारोहण जेन–जीको बलिदानीपूर्ण विद्रोहको जगमा उभिएको छ ।

भदौ २४ गते भएको सरकारी दमनका क्रममा १९ जना जेन–जी युवा मारिए । त्यसको आक्रोश जेठ २४ गते देशभर पोखियो । देशभर आगजनी र तोडफोड भए । शितलनिवासदेखि सिंहदरबार र अदालतसम्म जलेर खरानी भए । प्रमुख नेताका घर, विभिन्न व्यावसायिक प्रतिष्ठान र सञ्चारगृहसम्म आगो लगाएर ध्वस्त पारियो ।

देश आर्थिक संकटको चरम बिन्दुमा पुगेको बेला थप क्षति पुगेको छ । युवाहरू वैदेशिक रोजगारीमा जान बाध्य छन् । राजनीतिक दलहरूप्रति घृणा बढ्दो छ । उनीहरूमाथि निवासमा भएको आक्रमण डरलाग्दो छ । उनीहरूको परिवारको मानसिक अवस्थाप्रति सरकारले उपचार प्रदान गर्नुपर्ने देखिन्छ । यतिमात्र हैन व्यवसायीलाई लयमा फर्काउन सरकारले उत्तिकै काम गर्नुपर्ने देखिन्छ । यसका लागि भरोसायोग्य सरकार बनाउनु आजको आवश्यकता हो ।

अर्को विषय हो प्रशासनलाई सबल बनाउनु । अहिले प्रशासनतन्त्रमाथि पनि उत्तिकै द्वेष फैलाउने क्रम जारी छ । यस्तो अवस्थामा कसरी सम्हाल्ने हो ? कार्की नेतृत्वको सरकारलाई निकै सकस पर्ने देखिन्छ । विश्वमै अब्बल मानिने आर्थिक नियामक संस्था एफएटिएफले नेपालको अर्थतन्त्र बिग्रँदो भन्दै 'ग्रे लिस्ट'मा राखेको छ ।

अर्को विषय भनेको जेन–जी आन्दोलनको मुख्य माग भ्रष्टाचार अन्त्य हो । पछिल्लो सरकार आफ्नो सम्पत्ति सार्वजनिक नगरी सुशासनको खिल्ली उडाउँदै थियो । अबको सरकारको पहिलो काम सम्पत्ति सार्वजनिक गर्नु पनि प्रमुख बन्ने छ । सुशासनको प्रत्याभूति दिन नसके यो सरकार फेरि उही औपचारिकतामा सीमित हुने देखिन्छ । यसैले पनि आन्दोलनको जगमा उभिएको सरकारले आशा र भरोसा जगाउने खालको काम आजैबाट थाल्नुपर्छ । यी कामका साथै समयमै चुनाव गराउन सके कार्की नेतृत्वको सरकार त सफल बनेको ठानिने छ । यसले मुलुकलाई विद्यामान राजनीतिक अस्थिरतालाई चिर्दै नयाँ युगमा अगाडि बढाउने छ । यति गर्न सकेमात्र आन्दोलनमा ज्यान गुमाएका जेन–जीहरूको सपना साकार बन्ने छ ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।


### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# तनाव र अनिश्चयले निम्त्याउने मानसिक असर



■ डा. अञ्चनी रिमाल

मानसिक स्वास्थ्य जोगाउन सबैभन्दा पहिला आफ्नो दैनिकीमा सुधार ल्याउनुपर्छ । मुख्य कुरा आफ्नो परिवारसँग समय बिताउनु हो । परिवारमा आफ्ना कुरा राख्ने र सामाजिक सम्बन्ध मजबुत राख्नु अत्यन्त जरुरी हुन्छ । आफूभित्रको पीडा, डर वा चिन्ताबारे आफ्नो विश्वासिला व्यक्तिसँग खुलेर राख्दा मानसिक बोझ धेरै हदसम्म कम हुन्छ । त्यस्तै समाचार र सामाजिक सञ्जालप्रति पनि सचेत रहनुपर्छ । आजकल हामी निरन्तर नकारात्मक समाचार र अनावश्यक सूचनामा डुबिरहेका हुन्छौं । त्यसले मानसिक शान्तिमा असर पार्छ । त्यसैले विश्वासिलो स्रोतबाट समाचार र सूचना थाहा पाउनेमा ढुक्क हुनुपर्छ ।

नेपालमा अहिले जेन-जीले गरेको प्रदर्शनलाई एक मानसिक स्वास्थ्यकर्मीका दृष्टिले हेर्दा अहिलेको आन्दोलनले जनमानसको मानसिक स्वास्थ्यमा गहिरो असर पार्ने देखिन्छ । अहिलेको वातावरणले जनमानसमा ठूलो मानसिक अन्योलता ल्याएको छ । 'अब के होला ?' भन्ने डर र असुरक्षाको भावनाले स्वस्थ मानसिक अवस्था भएका व्यक्तिहरूसमेत त्रसित, चिन्तित र बेचैन भइरहेका छन् । पहिले नै मानसिक स्वास्थ्य समस्या भोगिरहेकामा त झन बढी प्रभावित हुने सम्भावना हुन्छ । उनीहरूमा निद्रामा समस्या, नकारात्मक सोच, आत्मविश्वास घट्नु, समाजसँग टाढिनु तथा दैनिक क्रियाकलापमासमेत कठिनाइ आउनेजस्ता लक्षण देखिन सक्छ । यस्तो अवस्थामा सामूहिक ट्रमा उत्पन्न गर्ने खतरा पनि रहन्छ । आन्दोलनमा प्रत्यक्ष संलग्न भएका युवा, त्यसलाई नजिकबाट नियाल्ने वा परिवारका सदस्य गुमाउनेहरूले दीर्घकालीन मनोसामाजिक समस्या भोग्नसक्ने सम्भावना हुन्छ । सकारात्मक पक्षमा हेर्दा युवा पुस्ताले आफ्नो आवाज उठाउन पाएको अनुभवले सशक्तीकरण, सामूहिक एकता र उद्देश्य बोधमा परिवर्तन ल्याएको महसुस गर्न सक्छन् । यसले केही युवामा आत्मबल र आत्मविश्वास बढाउन पनि मद्दत गरेको देखिन्छ ।

राजनीतिक आन्दोलन र अस्थिरताले नागरिकको मानसिक स्वास्थ्यमा तत्कालिकदेखि दीर्घकालीन असर पारेको हुन्छ । आन्दोलन, प्रदर्शन र हिंसात्मक घटनाको प्रत्यक्ष वा परोक्ष अनुभवले मानिसमा डर लाग्ने, असुरक्षा महसुस हुने, मन स्थिर नहुने, छटपटी र हतारहतार हुनेजस्ता प्रतिक्रियाहरू देखिन सक्छन् । व्यक्तिहरू के गरूँ, के नगरुँ भन्ने मानसिक द्वन्द्वमा फस्ने, अनावश्यक चिन्ता लिने, मनमा निरन्तर कुराहरू खेलिरहने, निद्रा नलाग्ने तथा बेचैनी र आत्तिनेजस्ता लक्षणहरू देखिने हुन्छ । दीर्घकालमा यसले व्यक्तिको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउँछ । छोटो अवधिका लक्षणहरू लामो समयसम्म रहिरहेमा डिप्रेसनजस्ता मानसिक समस्या विकसित हुनसक्ने जोखिम उच्च हुन्छ । अझ आन्दोलनमा प्रत्यक्ष संलग्न हुने र हिंसात्मक दृश्यहरूको आँखै अगाडि देख्नेमा पोस्ट-ट्राउमाटिक स्ट्रेस डिसअर्डरजस्ता समस्या देखापर्न सक्छन् । विशेषगरी युवा र किशोरकिशोरीजस्ता संवेदनशील उमेर समूहमा दीर्घकालीन तनावले शैक्षिक प्रगति, दैनिक व्यवहार, सामाजिक सम्बन्ध र शारीरिक स्वास्थ्यमासमेत नकारात्मक असर पार्ने हुन्छ ।

राजनीतिक प्रदर्शनीका समयमा मानिसहरूमा डर, बेचैनी, चिन्ता, आत्तिने भावना, निद्रामा समस्या देखिन सक्छ । छोटो समयभन्दा पनि यदि यस्तो समस्या लामो समय रहिरह्यो भने दीर्घकालीन चिन्ता, डिप्रेसनजस्ता गम्भीर मानसिक रोग विकसित हुने जोखिम हुन्छ । युवा पुस्तामा राजनीतिक अस्थिरता वा आन्दोलनजस्ता परिस्थितिले तनाव, निराशा र आक्रोश बढाउने सम्भावना उच्च हुन्छ । यस उमेर समूहमा सामान्यतया विना धेरै सोचविचार र परिणामको मूल्यांकन नगरी हठात् निर्णय लिने व्यवहार देखिन्छ । त्यस्तै अस्थिरता र संवेदनशीलता बढी हुन्छ, जसले युवामा तनावको प्रभाव अझ तीव्र बनाउँछ ।

सामाजिक सञ्जाल र अपुष्ट खबरको प्रभावले मानिसको मानसिक स्वास्थ्यमा गहिरो र दीर्घकालीन असर पार्न सक्छ । आधिकारिक समाचारमा अपडेट नहुनु र सामाजिक सञ्जालको सूचना-प्रवाहमा पूर्ण ध्यान केन्द्रित गर्नाले कार्यमा एकाग्रता घटाउने र सोच्ने क्षमतामासमेत प्रभाव पार्ने देखिन्छ । अनलाइन प्लेटफर्ममा लामो समय बिताउँदा वास्तविक जीवनका सामाजिक अन्तरक्रिया र सम्बन्धमा कमी आउने, परिवार तथा साथीभाइसँगको प्रत्यक्ष संवाद घट्ने र एकांकीपन अनुभव बढ्ने गरेको पाइन्छ ।

यससँगै अपुष्ट समाचार र सामाजिक सञ्जालमा देखाइने नकारात्मक तथा तनावपूर्ण र भय पैदा गर्ने सामग्रीहरूले मानिसमा चिन्ता, डर, असुरक्षा र निराशा बढाउने गरेका छन् । विभिन्न अध्ययनलेसमेत छोटो समय सञ्जालमा बिताउँदा पनि चिन्ता र तनावका लक्षण उल्लेख्यरूपमा बढेको देखाएको छ । यसले डिप्रेसन, चिन्ता, एकांकीपन र आत्महत्या गर्ने विचारजस्ता मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न गर्न सक्छ । अझ यस्तो संक्रमणकालको समयमा सामाजिक सञ्जाल प्लेटफर्ममा आउने गलत सूचनाले मानसिक स्वास्थ्यमा दीर्घकालीन नकारात्मक प्रभाव पार्ने देखिन्छ । यस्तो राजनितिक अनिश्चितताले डिप्रेसन र एनजाइटीजस्ता मानसिक रोगको समस्या पढ्ने खतरा हुन्छ ।

राजनीतिक अस्थिरता, सामाजिक तनाव र भविष्यप्रति अनिश्चितताले युवाको मानसिक स्वास्थ्यमा गहिरो असर पार्छ । यसले उनीहरूलाई गलत बाटोतर्फ धकेल्ने जोखिमसमेत बढाउँछ । राजनीतिक अनिश्चयमा युवा पिँढीमा तत्कालका लागि एन्जाइटी, डर र चिन्ताको स्तर बढ्छ । अनिश्चय र भविष्यप्रतिको निराशाले नकारात्मक भावना बढ्ने हुँदा दीर्घकालमा डिप्रेसन र क्रोनिक एन्जाइटिसमेतको जोखिम बढाउँछ । राजनीतिक हिंसा र अस्थिरतासँग जडित वातावरणमा तनाव, चिन्ता र डिप्रेसनको समस्या उल्लेखनीयरूपमा बढ्ने अध्ययनहरूले पनि देखाएका छन् ।

लामो समयसम्म तनाव, चिन्ता र निराशाको अवस्थासँग जुधिरहेका युवाहरू त्यसको समाधानको खोजीमा गलत मार्ग रोज्ने सम्भावना बढी हुन्छ । जसमा लागुऔषध दुर्व्यसन एक प्रमुख जोखिम हो । मानसिक पीडाबाट राहत पाउन वा साथीहरूको दबाबमा उनीहरू लागुपदार्थ प्रयोगतर्फ आकर्षित हुन सक्छन् । यस्तो प्रवृत्तिले उनीहरूको मानसिक र शारीरिक स्वास्थ्यमा थप जटिलता थप्छ । यसले पढाइ, सामाजिक सम्बन्ध र भविष्यको सम्भावनालाई पनि गम्भीर रूपमा प्रभावित पार्छ । त्यसैले यस्ता अवस्थामा युवालाई मनोसामाजिक परामर्श, भावनात्मक सहयोग र सकारात्मक गतिविधिमा संलग्न गराउन अत्यन्त जरुरी हुन्छ ।

मानसिक स्वास्थ्य जोगाउन सबैभन्दा पहिला आफ्नो दैनिकीमा सुधार ल्याउनुपर्छ । मुख्य कुरा आफ्नो परिवारसँग समय बिताउनु हो । परिवारमा आफ्ना कुरा राख्ने र सामाजिक सम्बन्ध मजबुत राख्नु अत्यन्त जरुरी हुन्छ । आफूभित्रको पीडा, डर वा चिन्ताबारे आफ्नो विश्वासिला व्यक्तिसँग खुलेर राख्दा मानसिक बोझ धेरै हदसम्म कम हुन्छ । त्यस्तै समाचार र सामाजिक सञ्जालप्रति पनि सचेत रहनुपर्छ । आजकल हामी निरन्तर नकारात्मक समाचार र अनावश्यक सूचनामा डुबिरहेका हुन्छौं । त्यसले मानसिक शान्तिमा असर पार्छ । त्यसैले विश्वासिलो स्रोतबाट समाचार र सूचना थाहा पाउनेमा ढुक्क हुनुपर्छ । बारम्बार नभई आवश्यकतानुसार मात्र हेर्ने र सामाजिक सञ्जालको अनावश्यक प्रयोगबाट जोगिने बानी बसाल्नुपर्छ । नियमित व्यायाम, योग, गहिरो श्वास फेर्ने अभ्यास, पर्याप्त निद्रा र सन्तुलित आहारमा ध्यान दिनु मानसिक सन्तुलनका लागि आधारभूत कुरा हुन् । सबैभन्दा महत्त्वपूर्ण भनेको आफ्नो मानसिक अवस्थाप्रति सजग रहनु र आवश्यकता पर्दा मानसिक स्वास्थ्य विज्ञसँग परामर्श लिन नहिच्किचाउनु नै हो ।

स्वस्थ जीवनशैलीको निर्माणमा परिवारको भूमिका संवेदनशील हुन्छ । अभिभावकहरू यस्तो परिस्थितिमा संवेदनशील र सहयोगी बन्नुपर्छ । बुबाआमाले आफ्ना नानीबाबुसँग साथीसरह व्यवहार गर्दै उनीहरूको कुरा ध्यानपूर्वक सुन्नु र बुझ्ने प्रयास गर्नुपर्छ । बच्चाहरूले राख्ने जिज्ञासालाई सहज ढंगले सम्बोधन गर्नु, उनीहरूलाई सही-गलत छुट्याउन सहयोग गर्नु र कुनै शंका वा समस्याबारे खुलेर कुरा गर्न प्रोत्साहित गर्नु अभिभावकको दायित्व हुन्छ । घरभित्र सकारात्मक र सुरक्षित वातावरण सिर्जना गर्नु, बच्चाको भावनालाई पर्याप्त स्थान दिनु, सामाजिक सम्बन्ध र सकारात्मक गतिविधिमा संलग्न गराउन सहयोग गर्नुपर्छ । सहयोगी, खुला र विश्वासिलो वातावरण निर्माण गर्नसकेमा बालबालिकाले तनावमासमेत सहजरूपमा पार गर्न सक्छन् र उनीहरूको आत्मबल तथा मानसिक सशक्तता मजबुत बन्छ ।

समाजमा देखिने मानसिक स्वास्थ्यसम्बन्धी चुनौतीहरू केवल व्यक्तिगतमामात्रै सीमित हुँदैनन् । यसलाई सामाजिक र नीतिगत तहमै सम्बोधन गर्नुपर्ने हुन्छ । घर र छरछिमेकका साथै, विद्यालयदेखि कार्यस्थलसम्म मानसिक स्वास्थ्य शिक्षा र परामर्श सेवाको व्यवस्था गरिनुपर्छ । समुदायस्तरमा मनोसामाजिक सहयोग प्रणाली विस्तार गर्नु र युवाका लागि सुरक्षित अभिव्यक्ति र सहभागिताको वातावरण बनाउन सहयोग गर्नुपर्छ । त्यस्तै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा जिम्मेवार र तथ्यपरक सामग्री प्रवाहको सुनिश्चित हुनुपर्छ । मानसिक स्वास्थ्यलाई प्राथमिक स्वास्थ्य सेवाजतिकै महत्त्व दिँदै दीर्घकालीन रणनीति बनाइएन भने यस्ता राजनीतिक संकटपछिका मानसिक असरहरू अझ गहिरिँदै जान सक्छन् ।

*(मनोरोग विशेषज्ञ डा. रिमालसँग राससले गरेको कुराकानीमा आधारित)*

# जेन-जी पुस्ताले पढ्नै पर्ने पुस्तक 'माँ बा'



■ कृष्ण अधिकारी

पुस्तकमा उनको तीन पुस्ताको उद्यमशीलताको जिउँदो गाथाले संघर्षदेखि सफलता, निराशाबाट आशा र विचारबाट उपलब्धिको सकारात्मक यात्रा तय गरेको छ । १८ वर्षको कलिलो उमेरमै बाबा स्वर्गारोहण भएकाले पितृत्वको अधुरो मायामात्रै पाएका उनका सपनामा प्रायः आइरहने बुबाको दृश्यले उनलाई पितृबोधमात्र गराएन, विदेशमा रहेका ८५ लाख नेपालीका बाबुआमाको सपनासँगै खोसिएका खुसीहरूलाई कसरी फर्काउन सकिन्छ भन्ने हुटहुटीले पनि सताएको पाइन्छ ।

सकारात्मक सोचका धनी, नेपालको पर्यटन, सम्पदा र संस्कृतिका धरोहर तथा नेपाली साहित्यका सशक्त हस्ताक्षर कर्ण शाक्यको हालै बजारमा आएको नयाँ कृति 'माँ र बा'ले नेपाली समाजको सजीव चित्रण गरेको छ । आत्मकथात्मक शैलीमा लेखिएको जीवन-अनुभवको संग्रह यस पुस्तकमा पछिल्लो समय आफूलाई जन्म दिने सन्तानहरूले बाबुआमाप्रति गरेको व्यवहार, रहर र बाध्यताका बीच विदेश जानुपरेका छोराछोरीका पीडा र बाबु आमाबीचको वियोगको अवस्थालाई बढ्दो मार्मिक ढंगबाट लेखकले विश्लेषण गरेका छन् । उनका यसअघिका सोच, खोजजस्ता १४ वटा पुस्तकजत्तिकै यस पुस्तकले पनि वाङ्मयमा आफूलाई स्थापित गर्नुको साथै सम्पूर्ण पाठकहरूलाई आ-आफ्ना घरका व्यथालाई स्मरण गराउँदै हरेक छोराछोरीलाई आफ्ना बाबुआमाप्रतिको दायित्वबोध गराउन पुस्तक सफल भएको छ ।

पुस्तकमा लेखकले आफ्ना व्यक्तिगत जीवनका उतार-चढाव, परिवारसँगको सम्बन्ध, सामाजिक मूल्य-मान्यता, बाल्यकालदेखि प्रौढ जीवनसम्मका अनुभव र विशेषगरी आमाबाबुप्रतिको सम्झना गरिरहँदा पाठकलाई गम्भीर भएर सोच्न बाध्य तुल्याउँछ । पुस्तकले आमाबाबुको स्नेह, माया र मार्गदर्शनले व्यक्तिको जीवनलाई कसरी प्रभावित गर्छ भन्ने कुरालाई छर्लङ बनाएको छ । आफ्नो व्यक्तिगत संघर्ष, समाज सेवा र जीवन दर्शनलाई पनि पुस्तकको सुरुदेखि अन्त्यसम्म सिलसिलाबद्ध ढंगबाट प्रस्तुत गराउन सक्नुले लेखकको लेखकीय क्षमतालाई पुनःस्थापित गरेको छ । नेपाली संस्कृतिमा आमाबाबुलाई भगवान्सरह मान्ने परम्परागत मूल्यहरूको व्याख्या गर्दै सन्तानलाई पूर्वीय सभ्यताअनुसार जन्म दिने बाबुआमाप्रति कृतज्ञ गराउन खोजिएको छ ।

पुस्तकमा व्यक्त विचार भावनात्मकमात्र नभई प्रेरणादायी पनि छन् । यसमा उनले आफ्ना बाल्यकालका अनुभवदेखि जीवनमा आइसकेका संघर्ष र उपलब्धिलाई आमाबाबुबाट सिकेको शिक्षासँग जोडेर प्रस्तुत गरेका छन् । आमाबाबुको स्नेह, अनुशासन र संस्कारले जीवनलाई कसरी सही बाटोमा अघि बढाउँछ भन्ने कुरालाई पुस्तकले राम्ररी शिक्षा दिन सकेको छ । आफ्नो जीवनका कठिन क्षणहरूमा पनि आमाबाबुको सम्झना,




पुस्तक समीक्षा

आशीर्वाद र शिक्षाबाट प्राप्त ऊर्जाले नै आफूलाई सफल व्यक्ति बनाउन सकेको उनको निष्कर्ष छ । नेपाली समाजमा आमाबाबुलाई भगवान्सरह मान्ने परम्परागत मूल्यलाई लेखकले आधुनिक दृष्टिकोणबाट व्याख्या गर्दै समाज र संस्कृतिलाई राम्रोसँग जोडेका छन् । व्यक्तिगत संघर्ष, पारिवारिक सम्झना, शिक्षा र जीवनदर्शनलाई प्रेरणादायी ढंगले प्रस्तुत गरिएको यस पुस्तक व्यक्तिगत कथामामात्र सीमित छैन, नेपाली समाजको वर्तमान अवस्थालाई सूक्ष्मरूपमा केलाइएको छ ।

जीवनको निरन्तर यात्रामा आरोह-अवरोहबीच सधैं सपना देख्ने र अन्धकारमा पनि उज्यालो खोज्दै अघि बढ्न सक्ने क्षमता राख्ने शाक्यले पुस्तकमा लेखेका छन्, 'मैले धेरै सोचेँ, भने, बोलेँ, लेखेँ, र लेखेको कुरा पूरा पनि गरेँ । केही स्मृतिमा हराए, यद्यपि सपना देख्न कहिल्यै रोकिनँ ।' यही भुटभुटीले नै उनले ८४ वर्षको उमेरमा पनि पुस्तक लेख्न प्रेरित गऱ्यो । जीवनको उत्तरार्द्धमा फर्केर हेर्दा, आफूले नसोचेको कल्पनाभन्दा बढी उपलब्धि हासिल गरेको, सन्तुष्टि पाएको र यसले औसत मान्छे हुँदाहुँदै आफूलाई महानायक अनुभूति भएका बेला आउने अहंकार वा स्वाभिमानले पनि अविचलित रहनसक्ने खुवी राख्छन् उनी । आफ्नो सफलताको अन्तरात्माले एक्स-रे गरेर हेर्दा सफलताको गहिरो जग त मेरी आमा र बाबु पो रहेछन् भन्ने बोध भएपछि नै उनीहरूप्रतिको जिम्मेवारी बोधले नै आफूलाई पुस्तक लेख्न प्रेरित गरेको शाक्य बताउँछन् । उनी भन्छन्, 'जसरी जग देखिँदैन, भवनमात्र देखिन्छ । जति भवन अग्लो हुन्छ, त्यति नै जग गहिरो र बलियो हुनुपर्छ । आमाले जन्म दिनुभयो, बाबाले कर्म । तर आमाबाबुलाई सन्तानले के दियौं ? यही प्रश्नले मलाई यो पुस्तक लेख्न घचघच्यायो । अतः मलाई जन्म दिने आमा र बाबुलाई अक्षरको कुञ्जमा अमर बनाउन चाहेँ ।'

पुस्तकमा उनको तीन पुस्ताको उद्यमशीलताको जिउँदो गाथाले संघर्षदेखि सफलता, निराशाबाट आशा र विचारबाट उपलब्धिको सकारात्मक यात्रा तय गरेको छ । १८ वर्षको कलिलो उमेरमै बाबा स्वर्गारोहण भएकाले पितृत्वको अधुरो मायामात्रै पाएका उनका सपनामा प्रायः आइरहने बुबाको दृश्यले उनलाई पितृबोधमात्र गराएन, विदेशमा रहेका ८५ लाख नेपालीका बाबुआमाको सपनासँगै खोसिएका खुसीहरूलाई कसरी फर्काउन सकिन्छ भन्ने हुटहुटीले पनि सताएको पाइन्छ । आफ्ना जरा, संस्कार र सम्बन्धप्रतिको सम्मान भावनालाई उजागर गर्ने प्रयासस्वरूप पाणिनी बुक्सले प्रकाशनमा ल्याएको यस पुस्तक जेन-जी पुस्ताका लागि मार्गदर्शन बन्ने विश्वास गरिएको छ ।

उनका धेरै पुस्तकको शीर्षक दुई-दुई अक्षरको रहेको हुँदा यही लय समात्दै यस किताबको नाम पनि 'माँ बा' राखेको देखिन्छ । वास्तवमा माँ र बा त ती दुई अक्षर हुन्, जुन प्राणीमात्रले जीवनमा पहिलो उच्चारण गर्ने शब्द हुन् । यसले प्रेम र सुरक्षाको अनुभूति दिन्छ । आमाबाबुको सम्झनामात्र होइन, उनीहरू जीवित छँदाखेरि सम्मान, माया र सेवा गर्नु नै सन्तानको महान कर्तव्य हो भन्ने कुरा पुस्तकले प्रस्टचाउँछ । भावी पुस्ताका लागि हस्तान्तरण गरिएको यस पुस्तकमार्फत लेखकले आफ्ना आमा-बाबुप्रतिको श्रद्धाञ्जलिमात्र होइन- पूजा र संस्कारको दस्तावेजको रूपमा प्रस्तुत गरेका छन् । *रासस*

# भरतपुर महानगरमा दुई अर्बभन्दा बढीको क्षति




**चितवन (प्रस)–** जेन-जी प्रदर्शनका क्रममा भरतपुर महानगरपालिकामा दुई अर्ब रूपैयाँभन्दा बढीको क्षति भएको आकलन गरिएको छ। यही भदौ २४ गते महानगर कार्यालय र वडा कार्यालयमा आक्रमण गरिएको थियो ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले क्षतिको विवरण संकलन भइरहेको जानकारी दिँदै प्रारम्भिकरूपमा दुई अर्ब रूपैयाँभन्दा बढीको क्षति आकलन गरिएको छ। प्रदर्शनका क्रममा भरतपुर महानगरपालिकाको कार्यालय आगलागीबाट पूर्णरूपमा क्षतिग्रस्त भएको छ। महानगरको स्वास्थ्य र कृषि कार्यालयमा सामान्य क्षति पुगेको छ।

महानगरपालिकाका २९ मध्ये २० वटा वडामा क्षति पुगेको छ। वडा नं. २, ९, ११, १२, २०, २५, २७, २८ र २९ बाहेकका कतिपय वडामा पूर्णरूपमा क्षति पुगेको छ भने कतिपयमा आंशिक क्षति भएको छ। पौडेलका अनुसार २६ वटा गाडी, पाँचवटा मोटरसाइकल र एउटा स्कुटर जलेर नष्ट भएका छन्। जलेका गाडीमध्ये दुईवटा दमकल, एउटा ग्रेडर, दुईवटा कम्प्याक्टर, एउटा ब्रुमर, पानी बोक्ने गाडी एक र सेफ्टी टचांकी सफाई गाडी एउटा रहेका छन्।

महानगरपालिकाका गाडीमध्ये प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत चढ्ने गाडी बाहिर राखिएकाले सुरक्षित रहेका छन्। त्यस्तै दुईवटा जेसिबी, एउटा कम्प्याक्टर, एउटा दमकल र एउटा ट्र्याक्टर सुरक्षित रहेको उनले जानकारी दिए। महानगरपालिकाका वरिष्ठ शाखा अधिकृत झलककुमार श्रेष्ठका अनुसार स्टोरमा रहेका के कति सामान जलेका छन् भन्ने बारेमा तथ्यांक लिने काम भइरहेको छ। कार्यालयमा प्रयोग हुने फर्निचर, कम्प्युटर, टेलिभिजन, इन्भर्टर, ब्याट्री, कागजपत्रलगायतका सामग्री जलेर नष्ट भएका छन्। उनका अनुसार महानगरवासीलाई वितरणका लागि ल्याइएको दुई हजार थान विद्युतीय चुल्हो जलेर र चोरी भएका छन्।

यसका अतिरिक्त अन्य सामग्रीहरूसमेत चोरी भएका छन्। महानगरपालिका जलाउने र तोडफोड गर्ने समूहले महानगर प्रमुख रेनु दाहाल र उपप्रमुख चित्रसेन अधिकारीको घरसमेत जलाएर पूर्णरूपमा क्षति पुऱ्याएका छन्। यस्तै महानगरपालिकाका विज्ञ सल्लाहकार सुरेशचन्द्र अधिकारीको घर जलाउने र लुटपाट भएको छ। प्रमुख प्रशासकीय अधिकृत पौडेलले सेवाग्राहीहरूका सिफारिस र अत्यावश्यक काम आजैबाट गर्न लागिएको बताए। जे सकिन्छ ती सेवाहरू दिन थालेको उनले बताए। क्षतिको मूल्यांकन गरेर मर्मत थालिने उनले बताए।

# एकैसाथ डेंगी र सापुको जोखिम, कसरी जोगिने ?

■ राम थापा

कात्तिक-मंसिरसम्म डेंगी र सापुको संक्रमण फैलने जोखिम उच्च रहने भएकाले सावधानी अपनाउनु पर्नै, दुवै रोगको संक्रमण वर्षायामपछि बढी देखिने गरेको छ । सेतो पुतलीको संसर्गबाट लाग्ने सापुका कारण आँखाको दृष्टि गुम्नसक्ने भएकाले विशेष सावधानी अपनाउनु पर्छ ।

**गण्डकी–** पछिल्लो समय गण्डकी प्रदेशका विभिन्न जिल्लामा डेंगी र 'सिजनल हाइपर एक्युट प्यानयुभाइटिस' (सापु)को संक्रमण देखिएको छ। प्रदेशको स्वास्थ्य मन्त्रालयको पछिल्लो आँकडाअनुसार गत पुसयता प्रदेशका ११ वटै जिल्लामा गरी ९६४ जनामा डेंगीको संक्रमण पुष्टि भएको हो ।

सबैभन्दा बढी कास्कीमा ५०३ र सबैभन्दा कम मुस्ताङ र मनाङमा एक/एक जनामा उक्त रोग देखिएको प्रदेशस्थित स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ । यस्तै गत सातादेखि सापुको संक्रमण देखिन सुरु गरेको छ ।

पोखरास्थित हिमालय आँखा अस्पतालमा सूचना अधिकारी कुमार गर्बुजाका अनुसार बागलुङको ढोरपाटन नगरपालिकाका दुई, कास्कीको रूपा र माछापुच्छ्रे गाउँपालिकाका एक/एक र लमजुङका एक गरी हालसम्म पाँच जना बिरामी अस्पताल भर्ना भई उपचार सेवा लिएका छन्। दुई जना निको भएर घर फर्केका जानकारी दिँदै उनले तीन जना उपचारकै क्रममा रहेका बताए।

आगामी कात्तिक/मंसिरसम्म डेंगी र सापुको संक्रमण फैलने जोखिम उच्च रहने भएकाले चिकित्सकले सावधानी अपनाउन सुझाव दिएका छन् । दुवै रोगको संक्रमण वर्षायामपछि बढी देखिने गरेको छ। हिमालय आँखा अस्पतालकी मेडिकल निर्देशक डा. बबिता गुरुङले सेतो पुतलीको संसर्गबाट लाग्ने सापुका कारण आँखाको दृष्टि गुम्नसक्ने भएकाले विशेष सावधानी अपनाउनुपर्ने बताइन्। 'यो रोग लागेको ४८ घण्टादेखि ७२ घण्टासम्म उपचार नभएमा आँखाको दृष्टि नै गुम्न सक्छ,' उनले भनिन्।

अस्पताल भर्ना भएकामध्ये आँखामा गम्भीर असर पुगेका तीन जनाको शल्यक्रिया गरिएको डा. गुरुङले जानकारी दिइन् । उनका अनुसार हालसम्म सापु रोग लाग्नुको मुख्य कारण सेतो पुतलीलाई मानिएको छ । अन्य जीवाणु र विषाणुका कारणले पनि यसको संक्रमण हुने गरेको पाइएको उनको भनाइ छ।

अस्पतालले सापुबाट जोगिन सेतो पुतलीको संसर्गबाट टाढै रहन, धेरै उज्यालो सेता बत्ती नबाल्न, साँझ र रातिमा घरको झ्यालढोका बन्द गर्न, बत्ती निभाएर झुलभित्र मात्र सुत्न, साँझपख बालबालिकालाई घर बाहिर जान नदिन सर्वसाधारणमा आग्रह गरेको छ।

सापुको संक्रमण भएमा एक्कासि एउटा आँखामात्र रातो हुनु, चिप्रा लाग्नु, उज्यालोमा हेर्न नसक्नु, आँखामा सामान्य दुखाइ हुनु, आँखाको नानी सेतो हुँदै जानु, दृष्टि कमजोर हुनुलगायत लक्षण देखिने डा. गुरुङले बताइन् । 'समयमै उपचार भएमा यो रोग पूर्णरूपमा निको हुन्छ, शंकास्पद लक्षण देखिएमा तुरुन्त अस्पताल गई जाँच र उपचार सुरु गर्नुपर्छ,' उनले भनिन्, 'उपचार ढिलो भएमा दृष्टि गुम्ने, आँखा सुक्ने खतरा हुन्छ ।'

असोजदेखि मंसिरसम्म सापुको संक्रमण बढी देखिने गरेको डा. गुरुङले जानकारी दिइन् । पहिलोपटक सन् १९७५ मा पोखराको नारायणटारमा सापु रोग भेटिएको थियो । नेत्ररोग विशेषज्ञ डा. मदन उपाध्यायले यो रोग पत्ता लगाएका थिए । नेपालको मध्यपहाडी क्षेत्रमा यो रोगको संक्रमण बढी देखिने गरेको छ । 'दुई वर्षको अन्तरमा यो रोगको संक्रमण देखिन्छ, सन् २०२३ पछि अहिले आएर बिरामी भेटिएका हुन्,' डा. गुरुङले भनिन्, 'सन् २०२१ मा पनि धेरै जनामा यो रोग देखिएको थियो ।'

सापु लाग्नुको यकीन कारण अझै पत्ता नलागेको उल्लेख गर्दै उनले बिरामीको रगतबाट वंशाणुगत अध्ययन गर्ने तयारी भइरहेको जानकारी दिइन् । अहिलेसम्मको अध्ययनले बत्तीमा झुम्मिने कालो धर्सा भएको सेतो पुतलीको रौं र झुस आँखामा पुग्दा सापुको संक्रमण हुने गरेको पत्ता लगेको उनको भनाइ छ। जटिल अवस्थाका बिरामीलाई आँखाभित्र औषधिको सुइ लगाएर शल्यक्रियामार्फत उपचार गर्ने गरिएको उनले बताइन् ।

सापुको संक्रमण समुदायमा फैलन नदिन स्वास्थ्यमा सजगता अपनाउनुपर्नेमा डा. गुरुङले जोड दिइन् । सापुका बिरामीको हिमालय आँखा अस्पतालले निःशुल्क जाँच तथा उपचार गर्दै आएको छ । शल्यक्रियासहितका सबै सेवा निःशुल्क भइरहेको अस्पतालले जानकारी दिएको छ ।

पछिल्लो समय सापुसँगै डेंगीको संक्रमणको पनि उच्च जोखिम रहेको धवलागिरि अस्पतालका चिकित्सक प्रभात सिंहले बताए । वर्षा रोकिएपछि घमाइला दिनमा यी रोगको संक्रमण छिटो फैलने हुनाले सर्तकता अपनाउनुपर्नेमा उनले जोड दिए । लामखुट्टेको टोकाइबाट बच्नु डेंगी संक्रमणबाट जोगिने उत्तम उपाय भएको उनको भनाइ छ । डेंगीबाट बच्न घर, कार्यालय र सार्वजनिकस्थलमा रहेका खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडा आदिमा पानी जम्मा हुन नदिने र त्यस्ता स्थान भेटिएमा नष्ट गर्नुपर्ने चिकित्सक सिंहले सुझाव दिए। डेंगी संक्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकान लाग्नेलगायत लक्षण देखिए अस्पतालको विशेष निगरानीमा उपचार गर्नुपर्ने उनले बताए ।

अधिकांश डेंगीका बिरामी सामान्य उपचार र हेरचाहपछि निको हुने गरे पनि कतिपयमा भने यसले जटिलता ल्याउने गरेको चिकित्सक सिंहले उल्लेख गरे । डेंगीबाट ज्यान जोखिममासमेत पर्नसक्ने भएकाले सामान्य रोग हो भन्ने लापरवाही नगर्न उनले सर्वसाधारणलाई आग्रह गरे । *रासस*


## कतारमा रोजगार

कम्पनी : LUSAIL LANDSCAPE

पूर्व स्वीकृति मिति : २०८२/०२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/२९ | LT. No. 324585 | चलानी नं. ६०२३८५३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | foreman | 1 | 0 | 2500 | ९६,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | driver | 1 | 0 | 1500 | ५८,१६५ | | | | | | | |
| 3 | cleaner public | 3 | 0 | 1000 | ३८,७७५ | | | | | | | |
| 4 | wood cutter | 2 | 0 | 1200 | ४६,५३५ | | | | | | | |
| 5 | flower arranger | 3 | 0 | 1000 | ३८,७७५ | | | | | | | |
| 6 | irrigat worker | 1 | 0 | 1000 | ३८,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८२ असोज ६ गते (22nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

VARSHA MANPOWER PVT. LTD.

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतारमा रोजगार

कम्पनी : QATAR ENGINEERING & CONSTRUCTION COMPANY WLL

पूर्व स्वीकृति मिति : २०८२/०३/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/२९ | LT. No. 325789 | चलानी नं. ६०२३९७४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Architect Tech | 2 | 0 | 1200 | ४६,५३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Worker | 5 | 0 | 1000 | ३८,७७८ | | | | | | | |
| 3 | Carpenter | 6 | 0 | 1100 | ४२,६५६ | | | | | | | |
| 4 | Labour | 10 | 0 | 1000 | ३८,७७८ | | | | | | | |
| 5 | Reinforc Fitters | 21 | 0 | 1100 | ४२,६५६ | | | | | | | |

कम्पनी : QATAR ENGINEERING & CONSTRUCTION COMPANY WLL

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/२९ | LT. No. 324044 | चलानी नं. ६०२३८०१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER LIGHT VEHICALE | 1 | 0 | 1400 | ५४,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 1 | 0 | 1900 | ७३,६७८ | | | | | | | |
| 3 | Site Supervisors | 8 | 0 | 3000 | १,१६,३३९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८२ असोज ६ गते (22nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61

Seagull International Global H.R. Consultants Pvt. Ltd.

Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np



## कुवेतमा रोजगार

कम्पनी : AYS International General Trading Co.

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ | LT. No. 330913 | चलानी नं. ६०२४४७८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 170 | ७८,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 2 | 0 | 100 | ४६,२३१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौँमा मिति: २०८२ असोज ६ गते (22nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074

DEEP JYOTI MANPOWER SERVICE PVT LTD.

Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910, Mob: 970-9094570, 9808248285
E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np



## युएईमा रोजगार

कम्पनी : Alhajar Almuneer Buildings Maintenance

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ | LT. No. 331042 | चलानी नं. ६०२४४७९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 150 | 0 | 1000 | ३८,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: Kathmandu AKH Traning Center मा मिति: २०८२ असोज ६ गते (22nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ११९/०५५/०५६

ASIA LINK SERVICES PVT. LTD.

Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com



## रोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

रोशी-७, अमलटार, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

### आन्तरिक आय संकलन सम्बन्धी बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित सूचना मिति: २०८२।०५।३०**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ६२ (क) बमोजिम यस रोशी गाउँपालिकाबाट आ. व २०८२।८३ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८१ अनुसूची- ५ मा तोकिएको दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरूबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी ढुंगा, गिट्टी, बालुवा, माटो, डष्ट आदि संकलन तथा बिक्री शुल्कको ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्रभित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

**ठेक्का सम्बन्धी विवरण :**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व २०८२/८३ का लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर | स्वीकृत दररेट (मू.अ.कर बाहेक) | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|---|
| १ | RRM/REV/1/2082/083 | अँधेरी खोला बगर क्षेत्र | २८,१०,९१६।११ (रू. अठाइस लाख दश हजार नौ सय सोह्र रूपैया र पैसा एघार मात्र) | ३,०००/- | ढुंगा, गिट्टी, बालुवा, ग्रामेल प्रति घनफिट (मु.अ.कर बाहेक) रू. ७/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत |
| २ | RRM/REV/2/2082/083 | रोशी खोला नांगसाल क्रसर देखि घुमाउने दहसम्म | १,०६,०८,३३८।६६ (रू. एक करोड छ लाख आठ हजार तिन सय अठतिस रूपैया र पैसा छयसट्ठी मात्र) | ३,०००/- | | |
अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ६ गते (22nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic. No- 1168/073/074
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

---

## युएइ/साउदीमा रोजगार

कम्पनी : SQUARE TRACK CLEANING SERVICES CO. LLC

पूर्व स्वीकृति मिति : २०८१/११/१५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०५/२९ | LT. No. 319569 | चलानी नं. ६०२३३७६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter/Steel Fixer | 1 | 0 | 1200 | ४६,१२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : GULF OCEAN GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०५/२८ | LT. No. 330935 | चलानी नं. ६०२४४७९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION WORKER/GENERAL WORKER | 1 | 0 | 1200 | ४६,१२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ६ गते (22nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

---

## युएइमा रोजगार

कम्पनी : EMARAT ALOULA CONTRACTING ONE PERSON COMPANY L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/२९ | LT. No. 325848 | चलानी नं. ६०२३९७७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Charge Hand (Civil) | 7 | 0 | 1600 | ६१,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Civil Foreman | 7 | 0 | 2000 | ७६,८७० | | | | | | | |
| 3 | Duct Fitter | 3 | 0 | 1500 | ५७,६५५ | | | | | | | |
| 4 | Electrical Foreman | 3 | 0 | 1800 | ६९,१८५ | | | | | | | |
| 5 | Electrical Helpers | 8 | 0 | 1000 | ३८,४३५ | | | | | | | |
| 6 | Electrician. | 4 | 0 | 1400 | ५३,८१० | | | | | | | |
| 7 | Finishing Carpenter | 10 | 0 | 1200 | ४६,१२५ | | | | | | | |
| 8 | Helper /labourer / Ceramic Worker /building Worker | 14 | 0 | 1000 | ३८,४३५ | | | | | | | |
| 9 | Instrument Technician | 3 | 0 | 1600 | ६१,४९५ | | | | | | | |
| 10 | Mason | 8 | 0 | 1200 | ४६,१२५ | | | | | | | |
| 11 | Mechanical Foreman | 3 | 0 | 2000 | ७६,८७० | | | | | | | |
| 12 | Mechanical Helper | 2 | 0 | 1000 | ३८,४३५ | | | | | | | |
| 13 | Mechanical Technicians | 4 | 0 | 1800 | ६९,१८५ | | | | | | | |
| 14 | Pipe Fitters | 8 | 0 | 1600 | ६१,४९५ | | | | | | | |
| 15 | Plumbler | 5 | 0 | 1200 | ४६,१२५ | | | | | | | |
| 16 | Scafolder | 10 | 0 | 1200 | ४६,१२५ | | | | | | | |
| 17 | Steel Fixer | 10 | 0 | 1200 | ४६,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ६ गते (22nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**SECURE NEPAL JOB PLACEMENT PVT . LTD**
श्रम इजाजत नं. १६४८/०८०/०८१
Sinamangal-09, Tarahall chowk, Kathmandu, Nepal, Tel : 015919873, 015917974, Mob: 9851014874
E-mail: info@securenepaljobs.com, Website : www.securenepaljobs.com

# कतार आक्रमणपछि रुबियोको इजरायल भ्रमण, युद्धविराम प्रयासमा नयाँ तनाव

**तेल अभिभ–** अमेरिकी विदेशमन्त्री मार्को रुबियोले आइतबार इजरायलको भ्रमण सुरु गरेका छन् । कतारमा आक्रमण भएपछि हमाससँगको युद्धमा आफ्नो सहयोगीलाई ट्रम्प प्रशासनको अटल समर्थन व्यक्त गरेपछि इजरायलको व्यापक आलोचना भएको छ ।

यो भ्रमण राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार दोहामा हमास नेताहरूको बैठकमा इजरायलले गरेको अभूतपूर्व आक्रमणप्रति असन्तोष व्यक्त गरेपछि भएको हो । यसले अमेरिकी सहयोगी कतारविरुद्ध इजरायलको पहिलो प्रत्यक्ष आक्रमणलाई चित्रित गरेको छ र गाजामा युद्धविराम ल्याउने कूटनीतिक प्रयासहरूमा नयाँ तनाव थपेको छ । शनिबार प्रस्थानअघि रुबियोले पत्रकारहरूसँग भने, 'राष्ट्रपति ट्रम्प आक्रमणबारे खुसी हुनुहुन्नथ्यो, तर यसले इजरायलसँगको हाम्रो सम्बन्धमा कुनै परिवर्तन ल्याउँदैन ।'



यद्यपि, उनले यस घटनाले युद्धविराम प्रयासमा असर पार्ने भएकाले 'यसबारे कुरा गर्नुपर्ने' बताए । दोहामा भएको इजरायली आक्रमणले संयुक्त राज्य अमेरिकाद्वारा अघि सारिएको नयाँ युद्धविराम प्रस्तावबारे छलफल गर्न भेला भएका हमास नेताहरूलाई लक्षित गरेको थियो । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले वरिष्ठ हमास अधिकारीहरूको हत्या युद्ध अन्त्य गर्न 'मुख्य बाधा हटाउने कदम' भएको भन्दै अपरेसनको बचाउ गरेका छन् । युद्धको बीचमा इजरायलले गाजा सहर नियन्त्रणमा लिन दबाब बढाएको छ । बासिन्दाहरूलाई खाली गर्न आदेश दिँदै हमास प्रयोग गरेको भन्दै धेरै अग्ला भवनहरू उडाइएका छन् ।

संयुक्त राष्ट्रसंघका अनुसार अगस्टको अन्त्यसम्म गाजा सहर र आसपास करिब १० लाख मानिस बसोबास गर्दै आएका थिए । खाद्य अभाव चर्किँदै जाँदा संयुक्त राष्ट्रसंघले इजरायली प्रतिबन्धलाई दोष दिँदै अनिकाल घोषणा गरेको छ । पश्चिमी गाजाबाट दक्षिणतर्फ भागेका बासिन्दा बकरी दियाबले भने, 'यहाँ पनि इजरायली आक्रमण जारी छ । आधारभूत सेवा र सुरक्षाविहीन अवस्थामा मानिसहरूलाई भीड गर्न बाध्य पारिएको छ ।'

गाजाको नागरिक सुरक्षा एजेन्सीले आइतबार बिहानदेखि इजरायली आक्रमणमा कम्तीमा सात जनाको मृत्यु भएको जनाएको छ । तर मिडिया प्रतिबन्ध र पहुँच कठिनाइका कारण एएफपीले दाबीलाई स्वतन्त्ररूपमा पुष्टि गर्न सकेन । शुक्रबार संयुक्त राष्ट्रसंघीय महासभाले इजरायली विरोधका बीच दुई-राज्य समाधानलाई समर्थन गर्दै मतदान गऱ्यो । बेलायत, फ्रान्सलगायत पश्चिमी राष्ट्रहरू यस महिनाको संयुक्त राष्ट्रसंघीय बैठकमा प्यालेस्टिनी राज्यलाई मान्यता दिन तयार देखिएका छन् ।

तर इजरायलले अझै आफ्नो सबैभन्दा शक्तिशाली सहयोगी र प्रमुख हतियार आपूर्तिकर्ता अमेरिकाको समर्थन कायम राखेको छ । रुबियोको भ्रमणअघि अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टोमी पिगटले प्रमुख कूटनीतिज्ञले 'हमासको आतंकवादलाई पुरस्कृत गर्ने प्यालेस्टिनी राज्यलाई एकपक्षीय मान्यता दिनेजस्ता इजरायल विरोधी कदमहरूविरुद्ध लड्ने प्रतिबद्धता देखाउने' बताए ।

यसबीच, नेतान्याहु सरकारलाई गाजामा रहेका इजरायली बन्धकहरूको रिहाइको साटो युद्ध अन्त्य गर्न दबाब बढेको छ । बन्धक परिवारहरूको प्रमुख अभियान समूह होस्टेज एण्ड मिसिङ फेमिलिज फोरमले शनिबार नेतान्याहुलाई बन्धक मुक्तिको 'मुख्य बाधा' भएको आरोप लगाएको छ । सन् २०२३ अक्टोबरमा अपहरण गरिएका २५१ मध्ये अझै ४७ जना गाजामा रहेका छन्, जसमा २५ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ ।

मिडल इस्ट इन्स्टिच्युटका वरिष्ठ फेलो ब्रायन काटुलिसले रुबियोले इजरायललाई युद्धविरामतर्फ धकेल्ने सम्भावना नगण्य भएको बताए । उनले भने, 'गाजामा युद्धविराम ल्याउनमा चिन्ताजनक निष्क्रियता देखिएको छ । प्रशासन आफ्नो आधार इभान्जेलिकल इसाईहरूलाई बढी सुन्दै गएको जस्तो देखिन्छ ।' *रासस/एएफपी*

# ट्रम्पको भ्रमणअघि बेलायतमा अमेरिकी वित्त कम्पनीहरूको ठूलो लगानी, १८ सय रोजगारी सिर्जना हुने

**लण्डन–** पेपल र सिटी ग्रुपसहितका अमेरिकी वित्त कम्पनीहरूले बेलायतमा एक अर्ब २५ करोड पाउण्ड (एक अर्ब ७० करोड डलर) लगानी गर्ने योजना सार्वजनिक गरेका छन् । प्रधानमन्त्री किर स्टार्मरले आइतबार यसलाई स्वागत गर्दै यो घोषणा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको राज्य भ्रमणको केही दिनअघि आएको बताए ।



अग्रणी अमेरिकी कम्पनीहरूको यस लगानीमा बैंक अफ अमेरिका र एस एण्ड पी ग्लोबल पनि समावेश छन् । योजनाअनुसार लण्डन, एडिनबर्ग, बेलफास्ट र म्यानचेस्टरमा करिब एक हजार ८०० नयाँ रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ । सन् २०१९ मा महारानी एलिजाबेथ द्वितीयले आफ्नो पहिलो कार्यकालमा आयोजना गरेको दोस्रो राजकीय भ्रमणपछि ट्रम्पको यो पहिलो राजकीय भ्रमण हो । मंगलबारदेखि सुरु हुने भ्रमणका लागि बेलायतले तयारी गरिरहेको बेला लगानी घोषणा भएको हो ।

प्रधानमन्त्री स्टार्मरले भने, 'हाम्रा सहयोगीहरूसँग मिलेर हामी यहाँ रोजगारी सिर्जना गरिरहेका छौं ।' यौनअपराधी जेफ्री एपस्टेनसँगको मित्रताका कारण वासिङ्टनस्थित राजदूत पिटर म्याण्डेलसनलाई बर्खास्त गरेपछि घरेलु राजनीतिक संकट झेलिरहेका स्टार्मरले यसलाई आफ्नो लागि सकारात्मक सन्देशका रूपमा लिएका छन् ।

सम्पत्ति कर कम तिर्ने घोटालामा परेर हालसालै आफ्नो सहायक गुमाएका संकटग्रस्त नेता स्टार्मरले एक्समा लेखेका छन्, 'यो लगानीले बेलायतलाई विश्वव्यापी वित्तीय नेतृत्वमा पुष्टि गर्दछ ।' योजनाअनुसार बैंक अफ अमेरिकाले उत्तरी आयरल्याण्डमा आफ्नो पहिलो सञ्चालन सुरु गर्दै बेलफास्टमा एक हजार रोजगारी सिर्जना गर्ने छ ।

सिटी ग्रुपले भने युके अपरेसनहरूमा एक अर्ब १० करोड पाउण्ड लगानी गर्ने छ । यसमा उत्तरी आयरल्याण्डसमेत समावेश हुने छ । सिटी ग्रुप अहिले नै बेलफास्टमा चार हजारभन्दा बढी कर्मचारीसहित प्रमुख रोजगारीदातामध्ये एक हो । बेलायत सरकारले यी लगानीहरूले 'बेलफास्टलाई प्रमुख प्रविधि पावरहाउसका रूपमा स्थापित गर्ने' टिप्पणी गरेको छ ।

यसैबीच, एस एण्ड पी ग्लोबलले उत्तरी इंग्ल्याण्डको म्यानचेस्टरस्थित आफ्ना कार्यालयहरूमा ४० लाख पाउण्डभन्दा बढी लगानी गर्ने तयारी गरेको छ । यसले करिब तीन हजार कार्यबललाई थप बलियो बनाउन २०० स्थायी रोजगारी सिर्जना गर्न सहयोग गर्ने छ ।

पेपलले 'उत्पादन आविष्कार र वृद्धि' मा १५ करोड पाउण्ड लगानी गर्ने छ भने ब्ल्याकरोकले स्कटल्याण्डको राजधानी एडिनबर्गमा नयाँ कार्यालय खोलेर युके इन्टरप्राइज डेटा सेन्टरहरूमा ५० करोड पाउण्ड लगानी गर्ने योजना बनाएको छ । यससँगै कम्पनीले ग्राहकहरूको तर्फबाट अर्को वर्ष युके बजारमा सात अर्ब पाउण्ड छुटयाउने अपेक्षा गरिएको छ ।

बुधबार, ट्रम्पलाई विण्डसरमा राजा चार्ल्स तृतीय र राजपरिवारका अन्य सदस्यहरूले स्वागत गर्ने कार्यक्रम रहेको छ । अर्को दिन प्रधानमन्त्री स्टार्मरलाई भेट्ने उनको भ्रमणले ट्रान्साटलान्टिक आर्थिक सम्बन्ध सुदृढ पार्नमा केन्द्रित हुने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# अस्ट्रेलियाको रक्षा क्षेत्रमा प्रविधि सुदृढीकरण

## हेङ्डरसन परियोजनामा ८ अर्ब डलरको लगानी

**सिड्नी–** अस्ट्रेलियाले आफ्नो भावी आणविक ऊर्जाबाट सञ्चालित पनडुब्बीको निर्माण र मर्मत सम्भारका लागि पश्चिमी अस्ट्रेलियाको पर्थमा रहेको जलयान निर्माणस्थलमा प्रारम्भिकरूपमा १२ अर्ब अस्ट्रेलियन डलर (झण्डै आठ अर्ब अमेरिकी डलर) लगानी गर्ने भएको छ ।

यो लगानी आगामी १० वर्षभित्र गरिने छ, जसअन्तर्गत पर्थस्थित 'हेङ्डरसन सुरक्षा' क्षेत्रलाई एक अत्याधुनिक जलयान निर्माण तथा मर्मत केन्द्रमा रूपान्तरण गरिने अस्ट्रेलियाका रक्षामन्त्री रिचार्ड मार्लेसले जानकारी दिए । उक्त परियोजना सन् २०२१ मा बेलायत र संयुक्त राज्य अमेरिकासँग गरिएको त्रिपक्षीय सुरक्षा समझदारी 'एयुक्युएस' अन्तर्गत अघि बढाइएको हो, जसको उद्देश्य अस्ट्रेलियाली नौसेनालाई आणविक पनडुब्बीबाट सुसज्जित गर्नु हो ।

रक्षामन्त्री मार्लेसले भने, 'हेङ्डरसन एक महत्त्वपूर्ण एयुक्युएस परियोजना हो । यहीँबाट हामीले भविष्यका पनडुब्बीहरूको मर्मत र सञ्चालनको काम गर्नेछौं ।' उनले थप भने, 'यो निर्णय अस्ट्रेलियाको वर्तमान सुरक्षा परिस्थिति तथा भविष्यमा आवश्यक पर्ने सुरक्षा संरचनाको मूल्यांकनका आधारमा गरिएको हो ।'

### आणविक पनडुब्बी मर्मतका लागि पूर्वाधार तयार

हाल अस्ट्रेलियासँग आणविक पनडुब्बीको मर्मत सम्भार गर्न आवश्यक पूर्वाधार उपलब्ध छैन । त्यसैले सरकारले आगामी १५ वर्षभित्र तीनवटा भर्जिनिया-श्रेणीका पनडुब्बीहरू अमेरिकाबाट ल्याउने लक्ष्य राखेको र भविष्यमा आफ्नै देशमा उत्पादन गर्ने योजनासमेत बनाएको छ ।

संयुक्त राज्य अमेरिका आफैंले पनि भविष्यमा आफ्ना आणविक पनडुब्बीहरूको मर्मत हेङ्डरसनमै गर्ने सम्भावना रहेको जनाइएको छ । कूल लागत अस्ट्रेलियाली डलर २५ अर्बसम्म पुग्न सक्ने अनुमान गरिएको छ । रक्षा क्षेत्रमा लगातार बढ्दो लगानी यो जलयान निर्माणस्थल विस्तार योजना अस्ट्रेलियाले हालै अघि सारेका विभिन्न रक्षा प्रविधि सुदृढीकरण कार्यक्रमहरूमध्ये एक हो ।

गत महिना अस्ट्रेलियाले जापानको मित्सुबिशी हेभी इण्डस्ट्रिजबाट ११ वटा मोगामी-श्रेणीका युद्धपोत खरिद गर्ने घोषणा गरिसकेको छ । सो योजनाको लागत आगामी दस वर्षमा करिब १० अर्ब अस्ट्रेलियाली डलर रहने छ । पहिलो तीन युद्धपोत जापानमै बनाइने भएता पनि बाँकी अस्ट्रेलियामै उत्पादन गर्ने योजना बनाइएको छ । त्यस्तै, अघिल्लो साता अस्ट्रेलियाले 'गोस्ट शार्क' नामक पानीमुनि सञ्चालन हुने आक्रमण यन्त्रको निर्माणमा १.७ अर्ब डलर लगानी गर्ने घोषणा गरेको थियो, जसको पहिलो एकाइ सन् २०२६ को सुरूवातमा सञ्चालनमा आउने अपेक्षा गरिएको छ ।

### आणविक सम्झौताको भविष्यमा आशावादी सरकार

केही विश्लेषकहरूले अमेरिकी नौसेनाले अस्ट्रेलियाका लागि आवश्यक पनडुब्बीहरू समयमै आपूर्ति गर्न सक्दैन भन्ने शंका व्यक्त गरेका छन् । तर, अस्ट्रेलियाको सरकार यस सम्झौताप्रति आशावादी देखिएको छ । अमेरिकी विदेश मन्त्री मार्को रुबियोले दुई हप्ताअघि रक्षामन्त्री मार्लेसलाई व्यक्तिगतरूपमा सम्झौता अगाडि बढ्ने आश्वासन दिएको वासिङ्टन पोस्टले जनाएको छ ।

मन्त्री मार्लेसले भने यसबारे खुलस्त टिप्पणी गर्न चाहेनन् । तर उनले अस्ट्रेलियाको सार्वजनिक प्रसारण संस्थासँगको कुराकानीमा भने, 'ट्रम्प प्रशासनसँग भएका सबै छलफलमा 'एयुक्युएस' सम्झौताले संयुक्त राज्य अमेरिकाको हितमा महत्त्वपूर्ण भूमिका खेल्ने स्पष्ट सकारात्मक भावना पाइयो ।' अस्ट्रेलियाली सरकारले सन् २०२२ को मे महिनादेखि हालसम्म कूल ७० अर्ब अस्ट्रेलियाली डलर बराबरको थप रक्षा लगानी प्रतिबद्धता जनाइसकेको छ, जसमा यो जलयान निर्माणस्थल विस्तार योजना पनि समावेश छ । *रासस/एएफपी*

# अमेरिका-जापान-दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यासप्रति उत्तर कोरियाको निन्दा

**सियोल–** उत्तर कोरियाली नेता किम जोङ उनकी शक्तिशाली बहिनी किम यो जोङले दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका र जापानको आगामी संयुक्त सैन्य अभ्यासलाई 'शक्तिको लापरवाह प्रदर्शन' भन्दै तीव्र आलोचना गरेका छन् । उनले यस कदमले 'खराब परिणाम' निम्त्याउने चेतावनी दिएको सरकारी सञ्चारमाध्यमले आइतबार जनाएको छ ।

आणविक हतियारयुक्त उत्तर कोरियाबाट हुने सम्भावित खतराहरूविरुद्ध तयारी बलियो बनाउन सहयोगीहरू सोमबारदेखि शुक्रबारसम्म दक्षिण कोरियाको जेजु टापुमा संयुक्त नौसेना, हवाई र मिसाइल रक्षा अभ्यास सञ्चालन गर्न तयारीमा छन् । दक्षिण कोरियामा करिब २८ हजार ५०० अमेरिकी सैनिक तैनाथ छन् । सियोल र वासिङ्टनले आफ्नो सैन्य सम्पत्तिलाई थप एकीकृत गर्ने उद्देश्यले टेबलटप अभ्यास समेत गर्ने योजना बनाएका छन् ।

किम यो जोङले यस अभ्यासलाई 'खतरनाक विचार' भन्दै राज्य समाचार संस्था केसिएनएमा प्रकाशित विज्ञप्तिमा भने, 'सहयोगीहरूले उत्तर कोरियाको वरिपरिको क्षेत्रमा गरेका वास्तविक कारबाहीमा आधारित शक्तिको लापरवाह प्रदर्शनले अनिवार्यरूपमा उनीहरूकै लागि नराम्रो परिणाम निम्त्याउने छ ।'

प्योङयाङले लामो समयदेखि यस्ता त्रिपक्षीय वा द्विपक्षीय सैन्य अभ्यासलाई आक्रमणको पूर्वाभ्यास भन्दै अस्वीकार गर्दै आएको छ । कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका वरिष्ठ विश्लेषक होङ मिनका अनुसार उत्तर कोरियाले यसपटकको अभ्यासलाई 'सीमित वा पूर्ण स्तरको आणविक आक्रमण र यसको प्रक्षेपण प्रणालीलाई बेअसर पार्ने प्रयासको परिदृश्य' का रूपमा हेर्छ ।

उनले भने, 'उत्तरले सम्भवतः आणविक आधुनिकीकरण र परम्परागत सैन्य सुधारलाई अगाडि बढाउन यसलाई बहानाका रूपमा प्रयोग गरिरहेको छ ।'

किम यो जोङको वक्तव्य यसै हप्तामा उनका भाइ किम जोङ उनले हतियार अनुसन्धान सुविधाको निरीक्षण गरेको केही दिनपछि आएको हो । त्यहाँ उनले 'आणविक शक्ति र परम्परागत सशस्त्र बलहरूको निर्माणलाई निरन्तर अघि बढाउने' नीतिलाई दोहोऱ्याएका थिए ।

सन् २०१९ मा अमेरिकासँगको आणविक निशस्त्रीकरण शिखर सम्मेलन असफल भएपछि उत्तर कोरियाले बारम्बार आफ्नो आणविक हतियार कहिल्यै नत्याग्ने घोषणा गर्दै आफूलाई 'अपरिवर्तनीय आणविक राष्ट्र' का रूपमा प्रस्तुत गरेको छ । *रासस/एएफपी*


डि.स.का. द.नं. २१५८/०६५/६६

**हसना भास्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**

**च.न.पा.–१२, बलम्बु(भास्तिपुर), काठमाडौं**

NEFSCUN

**अचल सम्पति लिलाम सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

सूचना प्रकाशित मिति: २०८२/०५/३०

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले तपशिलमा उल्लेखित अचल सम्पतिहरुको धितो सुरक्षणमा राखी विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जाको भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस संस्थाबाट ऋणीहरुलाई बारम्बार लिखित, मौखिक तथा विद्युतिय माध्यमहरुबाट तरताकेता साथै मिति २०८२ साल साउन १९ गते राष्ट्रिय दैनिक पत्रिका प्रभाव दैनिकमा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएकोले धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित अचल सम्पतिहरु लिलाम बिक्रीको लागि यो सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको साँवा, व्याज तथा हर्जाना लगायत अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी सदस्यलाई यसै सूचना मार्फत जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा भुक्तान नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई प्रचलित ऐन कनून बमोजिम कालो सुचीमा समावेश गरिने जानकारी गराईन्छ । निज ऋणीहरुसंग लिनुपर्ने लिलाम हुने मिति सम्मको सम्पूर्ण लेना रकम असुल हुनेगरी उल्लेखित धितो सहकारी ऐन, नियमावली, संस्थाको विनियम, ऋण नीति तथा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । त्यसैले तपशिलमा उल्लेखित उक्त धितो जहाँ जेजस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरि लिन चाहने व्यक्ति वा फर्म, कम्पनी वा अन्य संघ संस्थाहरुले तल उल्लेखित मिति भित्र तपशिलमा उल्लेखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस संस्थाको प्रधान कार्यालय चन्द्रागिरि १२, बलम्बु, काठमाडौंमा आईपुग्ने गरि गोप्य शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै उक्त सम्पति लिलाम बिक्री गर्दा संस्थाको लेना रकम बाँकी रहेमा ऋणी धनजमानीहरुको अन्य घै-घरानाबाट असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । उक्त लिलामको दिन ऋणीहरु, जमानीकर्ता, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैलाई पनि उपस्थित हुनुहुन समेत अनुरोध गराईन्छ । उल्लेखित सम्पतिहरु लिलाम विक्री नभएमा सो सम्पतिहरु प्रचलित कानून बमोजिम संस्था आफैले सकार गरि लिनेछ ।

शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ साल कार्तिक २ गते
शिलबन्दी खोल्ने मिति र समय : २०८२ साल कार्तिक ३ गते दिनको १:०० बजे (सो दिन बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन)
शिलबन्दी खोल्ने स्थान : संस्थाको मुख्य कार्यालय, चन्द्रागिरि न.पा. वडा नं. १२, बलम्बु, काठमाडौं

**तपशिल:**


ऋणीको तीन पुस्ते विवरण र फोटो

नाम : हिरा बहादुर महर्जन — स.नं. : ००१७२
सा. ठेगाना : बलम्बु-६, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : १०२११
बुबाको नाम : ज्ञान बहादुर महर्जन
बाजेको नाम : माहिला महर्जन



जमानीकर्ताको तीन पुस्ते विवरण र फोटो

नाम : अष्ट माया महर्जन — स.नं. : ०२८६३
सा. ठेगाना : बलम्बु-६, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : ४१५५/३२२२२
बुबाको नाम : कृष्ण बहादुर महर्जन
बाजेको नाम : श्याम बहादुर महर्जन




लिलाम हुने धितोको विवरण

श्री हिरा बहादुर महर्जनको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको बलम्बु वडा नं. ८ किता नं. ८०४ को १-४-३-० (६५९.७५ व.मि) को जग्गा ।

ऋणीको तीन पुस्ते विवरण र फोटो

नाम : गोमा विष्ट — स.नं. : ००१४७
सा. ठेगाना : मातातिर्थ-१, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-८, काठमाडौं
ना.प्र.नं. : ३०/९१०४४
बुबाको नाम : भरत विष्ट
बाजेको नाम : विक्रम ध्वज थापा



लिलाम हुने धितोको विवरण

श्री गोमा विष्टको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको मातातिर्थ वडा नं. १ किता नं. ३५८ को ०-९-०-० (२८६.११ व.मि) को जग्गा र सो जग्गमा बनेको घर समेत ।

ऋणीको तीन पुस्ते विवरण र फोटो

नाम : कर्ण कहादुर राउत — स.नं. : ००२१०
स्था. ठेगाना : सैपु-१, रामेछाप
अ. ठेगाना : चन्द्रागिरि-१२, काठमाडौं
ना.प्र.नं. : २४०२९
बुबाको नाम : कुल बहादुर राउत
बाजेको नाम : पदम सिं राउत



लिलाम हुने धितोको विवरण

श्री कर्ण बहादुर राउतको नाममा मालपोत कार्यालय धादिङमा दर्ता कायम रहेको किरान्चोक वडा नं. ४ किता नं. ८ को २१-४-०-० (१०,८१०.७२ व.मि) को जग्गा ।

**बोलपत्र दाताको लागि शर्तहरु :**

१. बोलपत्र फारम संस्थाबाट रु. १०००/- (एक हजार मात्र फिर्ता नहुने गरि) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र दाताले आफुले कबोल गर्ने दररेट र कुल मूल्यलाई अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेखित अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।
३. आफुले कबोल गरेको कुल रकमको न्यूनतम १० प्रतिशतले हुने रकम प्रभु बैंक लि. गुर्जुधारा शाखामा रहेको यस संस्थाको खाता नं. १२३००९३५१०००००२१ मा धरौटी रकम जम्मा गरि सक्कल बैंक भौचर बोलपत्रका साथ शिलबन्दी गरि पेश गर्नुपर्ने छ ।
४. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सो पछि लगतै कार्यालय खुलेको दिन बोलपत्र खोलिने छ । संस्थामा प्राप्त भएका शिलबन्दी बोलपत्रहरु खोलिने दिनमा बोलपत्रदाता र निजको प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
५. बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ दिनभित्र धरौटी बाहेकको बाँकी रकम यस सहकारीमा जम्मा गर्नुपर्नेछ र उक्त अवधि भित्र रकम जम्मा नगरेमा धरौटी बापट राखेको रकम सहकारीले जफट गर्न सक्ने छ ।
६. तोकिएको म्याद भित्र प्राप्त नभएका र रीत नपुगेका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
७. स्वीकृत बोलपत्र दाताले नामसारी, दाखिला खारेज आदि गर्दा लाग्ने दस्तुर साथै घरजग्गा कर, मालपोत, घरबाटो साथै अन्य खर्चहरु आदि बोलपत्र दाता स्वयम्ले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहित रहने छ ।
९. लिलाम गर्ने भनिएको उक्त सम्पति कसैले सकार नगरेमा प्रचलित ऐन, कानूनले दिएको अधिकार प्रयोग गरि यस सहकारी संस्था आफैले सकार गरी सो को स्वमित्व लिन वा पुनः लिलाम प्रक्रियामा जान सक्नेछ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २१५१०० | प्रति तोला – ० | प्रति तोला – २५७० |



**बेलहिया नाका** | नेपाल-भारतको सीमानाका बेलहियाबाट आइतबार नेपाल भित्रिँदै मालसमान बोकेका ट्रकहरू । *तस्बिरः राधेश्याम विश्वकर्मा/रासस*

# पर्यटन मन्त्रालयको काम नियमित



**काठमाडौं (प्रस)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको काम नियमित सञ्चालनमा आएको छ । परिस्थिति सामान्य बन्दै गएपछि आइतबारबाट मन्त्रालय र मातहतका सम्पूर्ण निकायको काम नियमित भएको मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयका सचिव हरिप्रसाद मैनालीका 'जेन-जी' प्रदर्शनका कारण भदौ २७ सम्म सबै निकायको काम स्थगित भएको थियो । उक्त दिनसम्म निषेधाज्ञा रहेको, २८ गते शनिबार परेकाले आज २९ गतेदेखि नियमितरूपमा सबै सरकारी तथा निजी कार्यालय सञ्चालनमा आएका छन् ।

मन्त्रालयले सामान्यका काम सञ्चालन गरेको र पूर्वघोषित कार्यक्रम तथा आगामी कार्यक्रम भने मन्त्री बहालीपछि मात्रै हुने मन्त्रालयले जानकारी दिएको छ ।

पर्यटन मन्त्रालयमा धेरै क्षति भएको छैन । भूँइतलाको केही झ्यालका सिसा फुटेका छन् । केही गाडीमा क्षति भएको छ । त्यसबाहेक खासै समस्या भएको छैन । आइतबार मन्त्रालयमा पुग्दा सचिव हरिप्रसाद मैनाली कार्यकक्षमा नियमित काम र भेटघाटमा व्यस्त थिए । मन्त्रालयका विभागीय, मातहत निकायका प्रमुखले आ-आफ्नो कार्यालयको ब्रिफिङ गरिरहेका थिए । मन्त्रालयका अधिकांश कर्मचारी कार्यालयमै थिए ।

मन्त्रालयअन्तर्गतको नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणको बबरमहलस्थित पुरानो भवनमा भने आगजनी भएको छ । बबरमहल कार्यालयका कर्मचारीले सिनामंगलस्थित प्राधिकरणको केन्द्रीय कार्यालयमा काम गरिरहेका छन् । प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलका अनुसार प्रशासन अर्थ, आन्तरिक लेखापरीक्षण र गुणस्तर, 'कम्युनिकेसन नेभिगेसन', अग्नि निवारण, आन्तरिक विमानस्थल तथा सुविधा विभाग, कानुन शाखा, 'एटिएम' विभाग र महानिर्देशकको सचिवालयलगायत संरचना आगजनीबाट जलेर ध्वस्त भएका छन् । केन्द्रीय पुस्तकालय र स्टोरमा भएका सम्पूर्ण सामग्री जलेर नष्ट भएका छन् । १२ भन्दा बढी सावरीसाधन जलेका छन् ।

कार्यालयमा भएको क्षतिबारे अध्ययन गर्न प्राधिकरणका प्रवक्ता बाबुराम पोखरेलको संयोजकत्वमा १३ सदस्यीय कमिटी गठन गरिएको प्रवक्त भूलले जानकारी दिए । कार्यालयमा भएको क्षतिको विवरणबारे मूल्यांकन गरेर प्रतिवदेन बुझाउन १५ दिनको समय दिइएको छ । नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)मा तोडफोड भएको छ । निगमका आधा दर्जन गाडीमा आगजनी गरिएको छ । निगमको प्रशासनिकलगायत सम्पूर्ण काम सामान्यरूपमा सञ्चालन भइरहेको निगमले जनाएको छ ।

पुरातत्त्व विभागका महानिर्देशक शौभाग्य प्रधानांगले नियमित काम सञ्चालन भइरहेको बताए । उनका अनुसार विभागमा पनि कुनै क्षति भएको छैन । कार्यालयका दुईवटा गाडीमा क्षति पुगेको छ ।

# चाडपर्वमा यातायात व्यवस्थित गर्न उच्चस्तरीय समिति गठन गरिने





■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वर्तमान परिस्थिति एवं चाडपर्वको समयमा यात्रुको यात्रा सुरक्षित र सहज बनाउन एवं प्राप्त गुनासोको तत्काल सम्बोधन गरी यातायात व्यवस्थापनमा सहजीकरण गर्न उच्चस्तरीय यातायात व्यवस्थापन समिति गठन गर्ने निर्णय गरेको छ ।

आइतबार बसेको बैठकले यातायात व्यवस्था विभागका महानिर्देशकको संयोजकत्वमा समिति गठन गर्नेसहित छबुँदे निर्णय गरिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्माले जानकारी दिए । आइतबार उनको अध्यक्षतामा बैठक बसेको थियो । उक्त समितिमा नेपाल प्रहरी प्रधान कार्यालय, राजमार्ग सुरक्षा महाशाखा प्रमुख, काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख तथा यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्षलगायत सरोकारवाला सहभागी हुने छन् ।

यस्तै बैठकले चाडपर्वको समयमा उपत्यकाबाट बाहिर जाने सवारीसाधनको प्राविधिक जाँच एवं आवश्यकताअनुसार यात्रु सहायता कक्ष निर्माण गर्ने निर्णय पनि भएको यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले बताए । उनका अनुसार बैठकले वर्तमान परिस्थिति एवं चाडपर्वका समयमा काठमाडौं उपत्यकाबाट बाहिर जाने यात्रुलाई सहजै गन्तव्यस्थलसम्म जानसक्ने गरी यातायातको व्यवस्थापन गर्न नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघलगायत सरोकारवाला सबैलाई अनुरोध गर्ने निर्णय पनि गरेको छ ।

यस्तै, आन्दोलनका क्रममा क्षति भएका सार्वजनिक सवारीसाधन एवं कार्यालयको यकीन गरी उचित क्षतिपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने, ट्राफिक प्रहरीका लागि अत्यावश्यक पर्ने सामग्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक सुरक्षा परिषद्लगायतबाट उपलब्ध गराउने निर्णय भएको छ । महानिर्देशक पोखरेलले भने, 'ट्राफिक प्रहरीका लागि अत्यावश्यक पर्ने सामग्रीहरू भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक सुरक्षा परिषद्लगायतबाट उपलब्ध गराउने निर्णय भएको छ ।'

उनका अनुसार आन्दोलनका क्रममा लुटपाट गरिएका हतियारलगायत सामग्रीहरू सवारीसाधनबाट ओसारपसार हुन नपाउने गरी तत्काल सूचना जारी गर्ने निर्णय भएको छ । चाडपर्वको समयमा उपत्यकाबाट बाहिर जाने सवारीसाधनको प्राविधिक जाँच एवं आवश्यकताअनुसार यात्रु सहायता कक्षहरू निर्माण गर्न नाडालगायत संस्थाहरूलाई अनुरोध गर्ने निर्णय भएको छ ।

यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष विजयबहादुर स्वारले यात्रुलाई सहजीकरण गर्न महासंघले तयारी थालेको जानकारी दिए । उनले गत सोमबार जेन-जी युवाहरूको प्रदर्शनका क्रममा यातायात अवरुद्ध भएको र रोकिएका यात्रुहरूलाई आज (सोमबार)देखि नै यात्राका लागि सहज गरिने बताए ।

# भैरहवा भन्सारले 'टेण्ट'बाट थाल्यो काम

■ **दामोदर खनाल**

**रूपन्देही–** नेपालकै दोस्रो ठूलो रूपन्देहीको बेलहिया, भैरहवा भन्सार कार्यालयमा टेण्ट टागेर काम सुरु गरिएको छ । जेन-जी आन्दोलनका क्रममा आगजनी र तोडफोडका कारण केही दिन रोकिएको भन्सारको काम कार्यालय परिसरमा टेण्ट टागेर शनिबारबाट पूर्णरूपमा सञ्चालनमा ल्याइएको हो ।

यो भन्सार नाकाबाट विगतका दिनमा दैनिक ३० देखि ४० करोड रूपैयाँ मूल्यबराबर राजस्व संकलन हुने गर्दछ । शुक्रबार अत्यावश्यक मालवस्तु आयात गर्दा पाँच करोड रूपैयाँबराबरको राजस्व संकलन भएकोमा शनिबारबाट पूर्णरूपमा काम सुरू गरिएको भन्सार प्रमुख शिवलाल न्यौपानेले जानकारी दिए ।

भन्सारमा भारतबाट आउने विभिन्न मालवस्तु बोकेका करिब एक हजार २०० जति गाडी भारततिर रहेको उनले बताए । नासवान् वस्तुलाई प्राथमिकता दिँदै शनिबारबाट पालैपालो पहिला खाद्यान्न र फलफूलका गाडीलाई प्राथमिमकताका आधारमा प्रवेश दिने गरेको बेलहिया भन्सार कार्यालय भैरहवाका प्रमुख न्यौपाने बताए ।

तोडफोड र आगजनीका कारण २४ गतेबाट बन्द रहेको भन्साको काम शनिबारबाट टेण्ट टाँगेर सञ्चालन भएको भन्सार एजेण्ट संघका सल्लाहकार विष्णुप्रसाद शर्मा बताउँछन् । उनले संकटकालका बेला पनि यो भन्सार नरोकिएको बताए ।

अहिले आगजनी र तोडफोडका कारण क्षति पुगेको कार्यालयको मालवस्तु उठाउने, सफा गर्ने काम भइरहेको छ । सम्पूर्ण कामले गति लिन अझै केही दिन लाग्ने बताइन्छ । अहिले भन्सार क्षेत्रमा नेपाल र भारततिर मानिसको आवतजावत पनि सुरू भएको छ । नाकामा कुनै समस्या परेमा दुवैतर्फका सुरक्षाकर्मी र भन्सारका कर्मचारी मिलेर सहजीकरण गर्ने गरिएको छ ।

# कैलाली भन्सार कार्यालय आइतबारदेखि सञ्चालनमा



**गोदावरी (कैलाली)–** जेन-जी प्रदर्शनका क्रममा आगजनी तथा तोडफोडबाट क्षतिग्रस्त भएको कैलाली भन्सार कार्यालयले आइतबारदेखि नियमित सेवाप्रवाह सञ्चालन गरेको छ ।

क्षतिग्रस्त भन्सार कार्यालयबाट सेवा सञ्चालन गर्न समय लाग्ने भएकाले सवारीसाधन पार्किङ र गाडी मर्मतका लागि प्रयोग हुँदै आएको भवनबाट सेवाप्रवाह सञ्चालन गरिएको हो । भन्सार कार्यालयको पश्चिम-दक्षिण प्रवेशद्वारमा रहेको भवनबाट सीमित साधन स्रोतबाट सेवा सञ्चालन गरिएको भन्सार कार्यालयले जानकारी दिएको छ । उक्त भवनबाट बैंकको काउन्टर, आयात निर्यातको स्वीकृतिलगायतको काम हुँदै आएको भन्सार कार्यालयका सूचना अधिकारी खेमप्रसाद अर्यालले बताए ।

भन्सार कार्यालयमा गरिएको तोडफोड र आगजनीबाट प्रशासनिक भवन, कर्मचारी निवास, सवारीसाधन, महत्त्वपूर्ण फाइलहरू, तथ्यांकलगायत सामग्री नष्ट भएको उनले जानकारी दिए । उनले भने, 'हामीसँग उपलब्ध भएका स्रोतसाधनको प्रयोगमार्फत कार्यालय सञ्चालन गरी सो भवनबाट सेवा प्रारम्भ गरेका छौं ।'

कैलाली भन्सार कार्यालयले आयात निर्यातको काम आइतबारदेखि पुनःसञ्चालन गरेको छ । नेपाल आयल निगम धनगढीको आग्रहमा पेट्रोलियम पदार्थका ट्यांकर भने बिहीबार नै धनगढी आयात गरिएको थियो । आइतबारदेखि अन्य अतिआवश्यक वस्तुको आयात तथा निर्यातको काम पूर्णरूपमा सञ्चालन गरिएको कार्यालयका सूचना अधिकारी अर्यालले जानकारी दिए । आइतबारमात्रै भारतबाट सो भन्सार भएर २५ वटा मालबाहक गाडी भित्रिएको कार्यालयले जानकारी दिएको छ । *रासस*

# आर्थिक स्थायित्वलाई उच्च प्राथमिकतामा राख्न महासंघको अपिल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** भ्रष्टाचार निवारण, सुशासनको प्रत्याभूति, सामाजिक सञ्जालको निर्वाध सञ्चालनलगायतका मागसहित 'जेन-जी' पुस्ताले राजधानीलगायतका अन्य प्रमुख सहरहरूमा गरिएको प्रदर्शनमा प्रहरी दमन हुँदा ठूलो मानवीय क्षति भएकोप्रति नेपाल निर्माण महासंघले दुःख व्यक्त गरेको छ ।

महासंघका महासचिव रोशन दाहालले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै मृतकहरूप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन् । साथै, शोकाकूल परिवारजनमा गहिरो समवेदना प्रकट गरेका छन् । महासंघले देशव्यापी प्रदर्शनमा घाइते भएका समस्त प्रदर्शनकारी, सुरक्षाकर्मीहरू र सर्वसाधारणको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ ।

'आन्दोलनका क्रममा जेन-जी पुस्ताको मागविपरीत सार्वजनिक तथा निजी सम्पत्तिसहित ऐतिहासिक धरोहरहरूमा भएको व्यापक आक्रमण, आगजनी, तोडफोड तथा लुटपाटका घटनाबाट महासंघ अत्यन्त दुःखी एवं मर्माहत भएको छ,' महासंघको विज्ञप्तिमा उल्लेख छ । निजी क्षेत्रको मनोबल गिर्ने गरी जो कोहीबाट भएको त्यस्ता ध्वंसात्मक गतिविधिको महासंघले कडा शब्दमा भर्त्सना गरेको छ ।

राष्ट्रिय अर्थतन्त्रमा दीर्घकालीनरूपमा गम्भीर असर पर्नेगरी भएका त्यस्ता हिंसात्मक गतिविधिहरूले नेपालको पूर्वाधारलगायतका क्षेत्रमा लगानी गरेका स्वदेश तथा विदेशका उद्योगी व्यवसायीसहितको समग्र निजी क्षेत्र त्रसित रहेको महासंघको निचोड छ । ती आक्रमण, आगजनी, तोडफोड तथा लुटपाटमा संलग्नलाई तत्काल कानुनअनुसार कारबाही गर्न माग गर्दै महासंघले आन्दोलनका क्रममा निर्माणधीन संरचनाहरूमा भएको क्षतिको सम्बन्धित निर्माण कम्पनीलाई सम्झौताबमोजिम राहत तथा सुविधा दिन आग्रह गरेको छ । साथै, अहिलेको विषम परिस्थितिमा निजी क्षेत्रलाई सुरक्षित वातावरणमा व्यवसाय सञ्चालन गर्न दिनु राज्यको पहिलो दायित्व भएकाले त्यसतर्फ अविलम्ब पहलकदमी लिन महासंघले अपिल गरेको छ ।

मुलुकमा अन्तरिम सरकार गठन भइसकेको अवस्थामा जेन-जी पुस्ताको चाहनाअनुरूप देशमा सुशासन कायम गर्न र भ्रष्टाचार अन्त्यका लागि तत्काल आवश्यक पहल गर्न महासंघले सरकारको ध्यानाकर्षण गराएको छ । पूर्वाधार विकास तथा पुनर्निर्माण कार्यलाई तीव्रता दिने कार्यमा सहज हुने व्यावहारिक ऐन कानुन एवं नीतिगत व्यवस्था गरी जवाफदेहितासहितको समयसापेक्ष ऐन, कानुन एवं नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याउन महासंघले माग गरेको छ ।

राष्ट्रले भोगिरहेको यस अकल्पनीय क्षतिपश्चात्को पुनर्निर्माणमा सहयोग गर्न महासंघ अझ प्रतिबद्ध भएर लाग्न दृढ रहेको विज्ञप्तिमा उल्लेख छ । नागरिकले आधारभूत सेवा पाउन वा उद्योग/व्यवसाय सञ्चालन गर्न 'अवैध' बाटो अपनाउनुपर्ने विद्यमान विकराल प्रणालीको अन्त्य गरी 'सम्बन्ध वा पैसाविना केही हुँदैन' भन्ने मानसिकताको अन्त्य गर्दै भ्रष्टाचारमा संलग्नलाई कडा कारबाही गरी निर्माण उद्योगमा व्याप्त विसंगती अन्त्यका लागि महासंघले नवगठित सरकारसमक्ष माग राखेको छ ।

पुँजीगत खर्चमा वृद्धि गरी अर्थतन्त्र चलायमान बनाउन र संकटग्रस्त अवस्थामा रहेको निर्माण उद्योगसहित सिंगो निजी क्षेत्रको मनोबल नगिर्नेगरी आर्थिक स्थायित्वलाई उच्च प्राथमिकतामा राखेर अविलम्ब ठोस आर्थिक रणनीतिसहित अघि बढ्न महासंघले सरकारसमक्ष आग्रह गरेको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ